# सधैँ सँगै : विविधतामा एकता



# सधैँ सँगै : विविधतामा एकता

प्रकाशक

Mitini Nepal

सहयोग

FJS Foundation for a Just Society

# प्राक्कथन



यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको व्यक्तिको रुपमा पहिचान गर्ने आठ प्रेरणादायी कथाहरु समेटिएको यस पुस्तक **"सधै संगै: विविधतामा एकता"** को प्रस्तावना लेखन गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । यस पुस्तकमा साझेदार गरिएका कथाहरूले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको विविध मुद्दाहरूलाई समेटेको छ । समुदाय भित्रको जाति, वर्ग, उमेर, धर्म, वर्ण, लिङ्ग, उत्पति, अपाङ्गता, भौगोलिक अवस्थाको स्थितिलाई पनि कथा मार्फत् सम्बोधन गर्ने प्रयास गरिएको छ । साथै अझै पनि आफ्नो यौनिकता र लैङ्गिक पहिचानलाई आत्मसाथ गरी बाहिर ल्याउन संघर्ष गरिरहेका यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई प्रेरणा प्रदान गर्दछ । यो पुस्तक एक वास्तविक अन्तर्दृष्टि हो ।

सन् १९९० मे १७ मा विश्व स्वास्थ्य संगठनले समलैङ्गिकतालाई मानसिक रोगको सुचीबाट हटाई समलैङ्गिकता हुनु प्राकृतिक प्रक्रिया हो भनी घोषणा गरिएको दिनको स्मरण गर्दै विश्वव्यापी रुपमा होमोफोबिया, बाइफोबिया र ट्रान्सफोबिया विरुद्धको अन्तर्राष्ट्रिय दिन मनाईन्छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायले भोगदै आइरहेको असमानता, हिंसा, चुनौती, कष्टकर भोगाई र कठिन परिस्थितिहरूप्रति निर्णयकर्ताहरू, मिडियाकर्मी, आम जनता र स्थानीय सरोकारवाला संघसंस्था र अधिकारीहरुको ध्यानाकर्षण गराउनका लागि यो दिवसले प्रमुख भुमिका खेल्दछ । मानव अधिकार एवम् समानताको यो विश्वव्यापी अभियानमा समुदायको अधिकार स्थापित गर्न तपाईको साझा प्रयास हाम्रो लागि मार्गनिर्देशन हुनेछ ।

हामीले यो वर्ष होमोफोबिया, बाइफोबिया र ट्रान्सफोबिया विरुद्धको अन्तर्राष्ट्रिय दिन "सधै सँगै: विविधतामा एकता" भन्ने विश्वव्यापी नाराका साथ मनाउँदैछौं । हामी यस्तो संसारको परिकल्पना गर्दैछौं, जहाँ हामीलाई यो विश्वास छ की हरेक व्यक्तिलाई सम्मानित जीवन जिउने अधिकार छ र हुनुपर्छ र कसैलाई पनि उनीहरुको लैङ्गिकता र यौनिकताका आधारमा मुल्याङ्कन गरिनु हुँदैन । यस पुस्तकले सम्पुर्ण यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुलाई प्रेरणा, साहस र ऊर्जा दिई मार्गदर्शकको काम गर्नेछ भन्नेमा म विश्वस्त छु ।

मितिनी नेपाल सम्पुर्ण यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरू, कार्यकारी बोर्ड, सदस्यहरू, कर्मचारी, स्वयम्सेवक र विभिन्न संजाल/साझेदारहरुको सहयोग, सुझाव र साथमा लागि हृदयदेखि धन्यवाद दिन चाहन्छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको हक अधिकारलाई संरक्षण तथा संर्वद्धन गर्दै हामी यो आन्दोलनमा निरन्तर अघि बढ्दैछौं र यहाँहरू सम्पुर्णको ऐक्यबद्धताका लागि हार्दिक अनुरोध गर्दछौं ।



**लक्ष्मी घलान**
अध्यक्ष
मितिनी नेपाल

# विषय सूची


- स्वीकार्यता/अस्वीकार्यता ........ १
- मेरो बुवा र न्याय ........ ५
- मेरो धर्म: मेरो कर्म ........ ९
- म एकता हुँ ........ १३
- म बाबु, म आमा ........ १७
- सेक्स चेन्ज : एक जोखिमयुक्त साहसिक निर्णय ........ २१
- सानो घर: आफ्नै संसार ........ २५
- म ज्ञानु : मेरो पेसा, मेरो संघर्ष ........ २९

# स्वीकार्य/ अस्वीकार्य



मधुषा लिम्बू



जीवनलाई दुःखमा पार्न सक्ने क्षमता एउटा सचेतनाहिन जीवमा हुन्छ होला र ? पक्का पनि हुँदैन । मान्छेलाई बिरालोले अनिष्ट गरिदिन सक्ने भए यो दुनियाँमा राज मान्छेको होइन, बिरालोको हुने थिए ।

निर्दोष बिरालोलाई दोष लगाए झैं भयो हाम्रो घटनामा पनि । मैले मेरो जीवनसाथी लोरेक्स राईलाई रोजें । लोरेक्स छोरीको यौनाङ्ग लिएर जन्मेका थिए । तर उनी ट्रान्सजेन्डर म्यान भए । म "लेस्बिएन" भएँ । मलाई महिला नै मन पर्ने । लोरेक्स पनि महिलाप्रति नै आकर्षित हुने । हाम्रो समाजमा स्वभाविक रुपमा केटा र केटीको बिहे हुन्छ । घरको छोरालाई कुनै पुरुषसँगै विवाह गरिदिने निर्णय बाबुआमाले गरे भने त्यो छोराको मनमा के बित्ला ? हो, मलाई पनि कुनै पुरुषसँग विवाह गर्नु भनियो भने त्यस्तै हुन्छ । देख्नेले मलाई महिला देख्छन् । पुरुषसँग विवाह गराउने प्रयास गर्छन् । तर म जे छु, जे हुँ, त्यो त बुझ्दैनन् ।

यो विज्ञान नबुझ्दा बिरालोले पाएको दोष समाजले हामी जस्ता मानिसहरुलाई दिन्छ । यो तथ्य नबुझ्दा अरुलाई पनि तनाव हुन्छ । जस्तो कि मेरै घरमा भयो । घरका सबै पीडित हुनुभयो । यो पीडा प्राकृतिक थिएन । प्रकृतिले कुनै विपत सिर्जना गरेर दिए जस्तो पीडा होइन । खासमा सामाजिक चेत र समाजले सिकाएको बुझाएको कुराबाट बाहिर निस्किन नसक्दा मेरो परिवारमा तनाव भयो ।

समाजले जे बुझ्छ, सधै त्यो ठिक हुन्छ भन्ने छैन । कुनै समयमा हाम्रो पृथ्वी नाङ्लो जस्तो छ भन्ने गरिन्थ्यो । तर अन्तरिक्षमा गएर हेर्नेले पृथ्वी गोलो भएको थाहा पाए । संसारले पृथ्वी चेप्टो छ भनेकै भरमा आखिर के भयो र ? पृथ्वीको आकार त बदलिएन ।

झापाको दमक नजिकै बेलडाँगी-३ मा शरणार्थी शिविर छ । यो शिविरमा वर्षौंदेखि लोरेक्सको परिवार बस्दै आएको छ । मेरो घर चाहिँ शिविर बाहिर हो । म तीन वर्षदेखि लोरेक्ससँग छु । पहिले प्रेममा थिएँ, अहिले साथमै छु । लोरेक्सको परिवारमा आमा, बा,

मेरो कुरा थोरैले मात्रै सुनेका छन् । मेरो कुरामा म मात्रै छैन । मेरा पार्टनर पनि छन् । यसकारण मेरो कुरा अब "हाम्रो कुरा"मा परिणत भएको छ । हामी दुवैको उमेर २२-२२ को छ । २२ वर्षको उमेरमा कसै-कसैले कति ठूला ठूला काम गर्छन् । धेरैको चाहिँ पढ्ने लेख्नेमै अल्मलिएको हुन्छ । हाम्रो उमेर र हाम्रो कथामा चाहिँ झमेला, प्रहरी, लिखत, तनाव सबै मिसिएको छ ।

कुनै अपराध गरेको त थिएनौं तर पटक-पटक प्रहरीमा पुगेका छौं । नेपाली कागजमा ल्याप्चे लगाएका छौं । मेरो कारणले मेरो परिवारमा तनाव थपियो । तनाव थपिनु पर्ने वा तनावमा रुमल्लिनु पर्ने खास कारण त केही पनि थिएन । तर जीवनमा यस्ता घटना हुँदा रहेछन् । बिरालोले बाटो काटेको दिन कुनै अप्रिय घटना भयो भने मान्छेले दोष जति त्यही निर्दोष बिरालोमाथि थोपर्छ । मान्छेको



दाजुभाई दिदीबहिनी सबै हुनुहुन्छ । कतिलाई पत्यार नलाग्न सक्छ, तर उसको परिवारले समेत मलाई सहजै स्वीकार गरेको छ । प्रकृतिले त लोरेक्सलाई पनि महिलाकै शरिर दिएको छ । अरुको बुझाईमा लोरेक्स महिला हुन् । लोरेक्सको जीवनमा अर्को महिला आएकी छु । उनको परिवारले मलाई सामान्य हिसाबले हेरिदिँदा कम्तिमा मलाई राहत मिलेको छ ।

तर यो राहतसम्मको यात्रा चानचुन संघर्षमय भएन । यो यात्राको सुरुवात फुटबल प्रतिगोगिताबाट सुरु भएको थियो ।

लोरेक्स महिला फुटबल टिमको सदस्य हुनुहुन्थ्यो । दमक रोयल स्पोर्टिङ क्लबबाट फुटबल खेल्नु हुन्थ्यो । म पनि फुटबल खेल्थेँ । तीन वर्षअघि रोयलबाट फुटबल खेल्न आउँदा पहिलो पटक उहाँसँग भेट भएको थियो । त्यो भेट त्यस्तो विशेष त भएन । तर त्यही भेटले हामीलाई नजिक बनायो ।

भेट हुनु थियो, भेट भयो । नजिक हुनु रैछ, नजिक भयौं । केटी-केटीसँगै हिँड्दा डुल्दा कसैलाई मतलव हुन्थेन । केटा-केटी सँगसँगै देखिँदा मानिसहरूले प्रश्न गर्न थाल्छन् । केटी-केटीबीच पनि भावनात्मक सम्बन्ध हुन सक्छ, यौन सम्बन्ध हुन सक्छ । यस्तो कुरा आम रुपमा बुझ्ने प्रयत्न हुँदैन । जब केटीकेटीमै प्रश्न उठ्न थाल्छ, त्यसपछि त्यो विषय असामान्यभन्दा माथि जान्छ ।

लोरेक्ससँगको मेरो सम्बन्ध घरमा थाहा भयो । आमा, बा, भाइ र म छौं परिवारमा । आमा बाले मलाई भन्ने कुरा नै "तिमीहरु साथी मात्रै हौं, अरु त कहाँ हुन्छ र ?" भन्ने हो । त्यो "अरु त कहाँ हुन्छ र ?" भन्ने शब्दमै अथाह मामिलाहरु रहस्यहरु लुकेको छ । किनभने केटी-केटीबीच पनि "अरु" हुन्छ भन्ने कतिपयलाई थाहा छैन । थाहा पाउनेहरूले पनि मनन गरिसकेका छैनन् । जसले मनन गरेका छन्, तिनीहरु कता कता छन् ठेगान छैन ।

लोरेक्ससँगको सम्बन्धले तनाव दिँदै गएपछि घरमा मलाई कुटपिट नै गर्नुभयो । उहाँहरुका लागि यस्तो सम्बन्ध असामान्य मात्रै होइन, आपत्तिजनक पनि थियो । घरमा लोरेक्सलाई पनि बोलाउनु भयो । "यस्तो सम्बन्ध हुँदैन, चल्दैन, छुट्टिनु पर्छ" भन्न थाल्नु भयो ।

हामीले एक अर्काबिना बाँच्न नसक्ने बतायौं । जोडीकै रुपमा बस्छौं पनि भन्यौं । तर यस्ता कुरा सुन्ने सम्भावना थिएन । मलाई घरमै राखेर लोरेक्सलाई आफ्नो घर फर्काइदिनु भयो ।

त्यसपछि म चाहिँ भागेर बेलडाँगी शिविर पुगेँ । लोरेक्ससँग पुनर्मिलन भयो । यता घरमा मलाई खोज्दै घरबाट आउनु भयो ।

दुवैलाई प्रहरीमा पुऱ्याउनु भयो । प्रहरीले दुवैले सँगै नबस्ने, छुट्टिने भनेर लेखिएको कागजमा जबर्जस्ती हस्ताक्षर गरायो ।

मन मनसँग मिलेको कुरालाई हातले बनाएको कागजले छुट्याउन खोज्यो । मन मिलेपछि कागजको टुक्राले छुट्याउन सक्ला त ? हाम्रो समाज त लिखतमै चलेको त छ । बिहे गर्दा लिखत गर्नु पर्छ । जन्मिँदा लिखत, मर्दा लिखत, सम्पति किन्दा लिखत, बेच्दा लिखत । मान्छेको समाजमा विश्वास समाप्त भइसकेको छ । इमानको कुनै मोल छैन । सबैले खोज्छन् लिखतमै ।

बाघखोर प्रहरी चौकीको त्यो लिखतले मेरा बाआमालाई अल्पकालिन राहत दियो । हामीलाई चाहिँ आहत ।

समस्या लिएर आएपछि प्रहरीले कागज गरायो, छाडिदियो । प्रहरीको काम सकियो । कसैको जोडी छुट्याउने जिम्मेवारी प्रहरीको होइन । तर गाउँघरका चौकीमा यस्ता धेरै काम हुन्छन् । हुन नहुने काम पनि हुन्छन्, हुनै पर्ने कामहरू छुट्छन् ।

कुरा मनको थियो । बीचमा लिखत आयो । यो लिखतले केही महिना त काम गऱ्यो । प्रहरीमा पुगेर गरेको लिखत ठिकाउ नै होला भन्ने बाआमाले ठान्नु भएको थियो होला । जीवनमा कहिल्यै नगरेको कागज गरेका थियौं । हामीलाई पनि असहज नै भइरहेको थियो । तर रोकिने स्थितिमा हामी थिएनौं । बाध्यताले छुट्टिनु परे पनि सम्पर्कमा थियौं । भागेर काठमाडौं जाने सल्लाह भयो । एकरात मोरङको गाछियामा रहेका एक साथीकहाँ आश्रय लियौं । भोलिपल्ट काठमाडौं जाने बस समायौं ।

यो दिन चाहिँ हामीले परिवारसँग, समाजसँग विद्रोह गरे जस्तो अनुभूति भयो । जातीय दृष्टिले हेर्दा म मधुषा लिम्बु, उनी लोरेक्स राई । विवाह गर्न वा सम्बन्धमा बस्न महिला र पुरुष ठिक प्रतित हुन्छ । तर हामी महिला महिला । समान लिङ्गी हुनु एक दृष्टिले त सजातीय हो । तर सम्बन्धको दृष्टिले चाहिँ विजातीय । यो विजातीय फेरि यौनिक तथा लैङ्गिक अल्पसंख्यकको दृष्टिले सजातीय । काठमाडौं जाने गाडी आखिर गुड्यो । तराईका हामी पहाडको बीचमा रहेको खोपिल्टो जस्तो उपत्यकामा आइपुग्यौं ।

यसबीच "जहाँ भेटे पनि मारिदिन्छौं"भन्ने सम्मका धम्की सामना गरेका थियौं । कुनै नयाँ नम्बरबाट फोन आउँदा पनि डर लागेर आउँथ्यो । मोबाइल बज्दा पनि डर लाग्ने खराब परिस्थिति गुजाऱ्यौं ।

काठमाडौंमा हामी तीन महिना बस्यौं । काठमाडौं जस्तो सहरमा सधै त्यसै बस्न सकिने रहेनछ । सहर जति झिलिमिलि देखिन्छ, त्यसभित्रका समस्या त्यति नै कारुणिक हुन्छन् । बाहिरी सुन्दरता त हेर्नेहरूका लागि हो । भित्री पीडा बाहिरी आँखाले देखिन्न । परबाट हेर्दा हिमाल कति सुन्दर देखिन्छ, नजिक गएपछि चिसोले एकछिन बस्न सकिन्न ।

आखिर फर्किनु त आफ्नै गाउँ थियो, हामी फर्कियौं । फेरि हामीलाई छुट्याइयो । मेरो घरकाले मलाई फेरि कुटपिट गरे । इलाका प्रहरी कार्यालय दमक पुऱ्याइयो । हाम्रो केस चौकीबाट पार नलाग्ने गरी माथिल्लो श्रेणीमा पुगिसकेको थियो । दमकमा यौनिक अल्पसंख्यकका पक्षमा पैरवी गर्ने अधिकारकर्मीहरु पनि आउनु भयो । प्रहरीले छुट्टिनु पर्छ भनेको थियो । सँगै बस्ने हो भने बिहे दर्ता ल्याउनु भन्न थालेका थिए ।

तर हामीलाई मौजुदा कानुनले सँगै बस्ने अनुमति दिएको, बिहे गर्ने अधिकार नदिएको कुरा हाम्रो पक्षबाट बोल्नेहरुले भनिदिनु भयो । चौकीका जस्ता प्रहरी इलाकामा थिएनन् । उनीहरुले हाम्रो कुरा केही बुझे ।

"दुईजना राजीखुसीले बस्छन्, उनीहरूको खुसी नै यसमै छ भने आमाबाबुले पीर गर्नु हुँदैन, विरोध गरेर फाइदा हुँदैन" भन्ने शब्द प्रहरी अधिकृतहरुले नै भनिदिएपछि मन शान्त भयो ।

तर मेरो घरकाले त दमकमा कतै देखा परिस् भने काट्छु, मार्छु भनिरहनु भएको थियो । त्यही धम्कीका कारण तीन चार महिना घरबाहिर निस्किन पनि डर लाग्यो । तर अब समय फेरिएको छ । घटनाले नयाँ मोड लिएको छ । लोरेक्सको परिवारमा मलाई "नानी" भनेर बोलाउनु हुन्छ । यहाँ सबैलाई म स्वीकार्य छु । तर यो समाजमा म जस्ता अरु अझै स्वीकार्य छैनन् ।

# मेरो बुबा र न्याय



सम्राट चौधरी

मेरो बुबाका पाँच छोरी, छोरा छैनन् । सायद छोरा जन्मिने आशामा बाले हामी सबैलाई जन्माउनु भएको हो कि ? छोरा भए पनि छोरी भए पनि आखिर ती आफ्नै कलेजोका टुक्रा हुन् । विभेद किन गर्नु ? भन्ने सामाजिक चेतना अहिले आउँदैछ । धेरै दम्पतीले दुई छोरीमा चित्त बुझाएर स्थायी बन्ध्याकरण गरेको पनि देखेको छु ।

अब हामी पर्‍यौं थारु जाती । हाम्रो आफ्नै भेषभुषा, भाषा छ । आफ्नै कला, संस्कृति र रहनसहन हुन्छ । तराईमा औलो खपेर बस्ने जाती हो हाम्रो । घोँगी, माछा, गँगटामा क्लाल्सियम र अन्य खनिज तत्व ज्यादा पाइन्छ । यस्तै यस्तै खानेकुरा खाएर पनि होला, हाम्रो जाती यहाँको गर्मी सहन सक्छ । पहिले पहिले औलो खपेर बसेको हो भन्छन् । तर अहिले औलो उन्मूलन भइसकेको छ ।

तराईका अरु केही जातीहरूसँग तुलना गर्ने हो भने थारुहरु विकसित हुँदैछन् । समग्रमा त स्थिति राम्रो छैन ।

हाम्रो बाका पाँच सन्तान, सबै छोरी । मेरो नम्बर चाहिँ चौथो । कान्छीभन्दा माथि । अहिले ३६ वर्षको भएँ । आफू ट्रान्स म्यान हुँ भनेर आफूलाई चिनाउन थालेपछि म परिवारकी "काइँली" भन्न छाडेको छु । म काइँली पनि होइन, काइँलो पनि होइन । म सम्राट चौधरी हुँ । सायद यति भनेपछि धेरै भनिरहनु नपर्ला ।

हाम्रा बाको शिक्षा, ज्ञान, सिप भन्नु नै दुई विघा खेत थियो । बाले भन्दा पहिले त्यो खेतमा हजुरबाले पसिना बगाउनु भयो । भूमिसँग हाम्रो जातीको साइनो छ । दुनियाँ कहाँबाट कहाँ पुग्यो, हाम्रो जाती खेतमै रमाउँछ । तौर तरिका, सिप प्रविधि कसैले सिकाइ दिने हो भने सय मनको ठाउँमा दुई सय मन धान फलाउन जानिन्थ्यो होला । पुर्खादेखि सिकेको सिप खेतमा खन्याउने र जीविको चलाउने परम्पराकै विरासतमा हाम्रा बा पनि हुनुहुन्छ ।

पहाड र उपत्यकातिरका मान्छेहरूलाई विघा भनेको कति होला भन्ने अलमल पनि हुन्छ । एक विघामा २० कठ्ठा हुन्छ । रोपनीसँग तुलना गर्ने हो भने १४ रोपनीको १ विघा हुन्छ ।



हाम्रो बाका पाँच सन्तान, सबै छोरी । मेरो नम्बर चाहिँ चौथो । कान्छीभन्दा माथि । अहिले ३६ वर्षको भएँ । आफू ट्रान्स म्यान हुँ भनेर आफूलाई चिनाउन थालेपछि म परिवारकी "काइँली" भन्न छाडेको छु । म काइँली पनि होइन, काइँलो पनि होइन । म सम्राट चौधरी हुँ । सायद यति भनेपछि धेरै भनिरहनु नपर्ला ।



> मैले पैतृक सम्पत्तिका लागि कुनै संघर्ष गर्नु परेन । यसका लागि मलाई प्राकृतिक रुपमै केही सहजता थियो । छोरा नभएका कारण बुवाले पाँच सन्तानमा बराबरी जग्गा भाग लगाइ दिनु भयो । सबैलाई न्याय गर्नुभयो ।

गाउँमा हुने बिहे भोज, बैशाखको सिरुवा मेलामा मेरा दिदीहरु र बहिनीहरू अचरा खड्की लगाएर रिमिक्क परेर हिँड्थे । मलाई त्यस्तो कहिले रुची भएन । सबैले भन्थे "यो फरक छे ।" फरक हुनु अपराध हो र ?

पहिले पहिलेका बुढापाकाहरुको स्मरणमा इटहरी भन्ने चौक नै गाउँको एउटा सानो जमघट स्थल जस्तै मात्रै थियो रे । ५०-६० वर्षबीचमा इटहरीले आफ्नो रुप फेर्‍यो । यसको प्रभाव मेरो घर भएको पकली डकाहातिर पनि परेको छ । कम्तिमा जग्गाको मूल्य केही बढेको छ । चोक नजिक हुने जग्गाको मूल्यले मान्छेलाई लखपतिबाट एकै पटक करोडौंको पति बनायो । करोडौंको मालिक बनाउँदै गर्दा मान्छेलाई शौखिन र अल्छे पनि बनाएको मैले देखेको छु । जमिन बेचेर कार किन्ने चलन पनि कतिले अपनाए । तर यस्तो गर्नु त बर्बादीको संकेत हो । किनभने धर्ती त धर्ती माता जस्तो हो । धर्तीमा जति श्रम बगायो, त्यति राम्रो हुन्छ । जमिन बेचेर किनेको कार त अर्को साल आधा मोलमा जान्छ । किन्दा त नयाँ हुन्छ, दोस्रो दिन "सेकेन्ड ह्यान्ड" भनिहाल्छन् ।

अहिले मेरा दिदी र बहिनी सबैको बिहे भइसक्यो । आमा बित्नु भएको पनि केही वर्ष भयो । आमा बितेपछि बुवा एक्लिनु भएको छ । तर विरक्तिनु भएको छैन । सुरु सुरुमा मलाई पनि "तेरो बिहे हुनुपर्छ" भन्नु हुन्थ्यो । अब कुरा बुझ्नु भएको छ । ७२ सालदेखि मैले मेरो पार्टनरलाई घरमै ल्याएँ । अहिले हामी दुई जनासँगै बस्छौं । मेरो पार्टनर पनि थारु जातीकै छिन् । महिला समलिङ्गी हुन् । उमेरमा म भन्दा उनी २ वर्ष कान्छी छिन् ।

मेरो टोलमा मेरो बारेमा धेरैलाई थाहा छ । सुरुमा मानिसहरूले अनौठो माने, पछि बानी परे । एउटा सकारात्मक कुरा के छ भने हाम्रोतिर कुनै धार्मिक कट्टरता छैन । यौनिक तथा लैङ्गिक

अल्पसंख्यकबारे कुनै खास कट्टर धारणा पनि छैन । सोझा सिधा मानिसहरूको बसोबास भएको ठाउँमा फरक मानिसहरु सहजै घुलमिल हुन्छन् ।

मान्छेले केही जानेन भने त्यस्तासँग व्यवहार गर्न सजिलो हुन्छ । धेरै जानेर पारङ्गत भएको छ भने पनि सजिलो हुन्छ । तर आधा जानेको मान्छेसँग अलि गाह्रो हुन्छ । किनभने उसले आधा मात्रै जानेको भए पनि चाहिने भन्दा बढी जानेको घमण्ड गर्न थाल्छ । अनि समस्या हुन्छ ।

सन् २००७ मा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका लागि काम गर्ने संस्थामा काम गरें । त्यहाँ १५ वर्षजति बिताएँ । त्यो संस्थाले पनि सिकाउने भनेको अधिकार, समानता, न्याय र स्वतन्त्रता नै हो । संघ संस्थाहरूमा काम गर्दा धेरै कुरा थाहा पाएँ । आफ्नो अधिकार प्राप्त गर्न गर्नुपर्ने संघर्षबारे पनि जानें ।

तर एउटा रोचक कुरा के भने, मैले पैतृक सम्पतिका लागि कुनै संघर्ष गर्नु परेन । यसका लागि मलाई प्राकृतिक रुपमै केही सहजता थियो । मैले अघि पनि भनें कि मेरो बाका पाँच सन्तान मात्रै । छोरा नभएका कारण बुवाले पाँच सन्तानमा बराबरी जग्गा भाग लगाइ दिनु भयो । सबैलाई न्याय गर्नुभयो । हातका पाँच औंलालाई झैं बाले हामी पाँचलाई बराबर माया गर्नु भयो । व्यवहारमा पनि त्यस्तै गर्नुभयो ।

म बाहेक अरु दिदी बहिनीले कतै जागिर खाएनन् । त्यो देखेर बाले सुरुमा ठान्नु भयो कि “मेरो कमाई छ । अरु छोरीको छैन । यसकारण जमिन अरुलाई मात्रै दिए हुन्छ ।” तर पछि कुरा बुझ्दै जानु भयो ।

म बुबासँगै छु । तर बिहे गरेर जानु भएका दिदीहरु र बहिनी पनि बेला बेला आउँछन् । बुवाको सन्चो बिसन्चो सोध्छन् । जो सँग बिहे गरेर गए पनि आखिर आफ्ना बाबुको माया त लागि हाल्दो रहेछ । आमा हुनुहुन्न । यसकारण हाम्रो लागि अहिले आमा भन्नु र बा भन्नु एकै जना हो ।

जीवनमा ठूलै केही प्रगति गरेको छैन । जीवनप्रति कुनै गुनासो पनि छैन । गाउँको पञ्चायत मा.वि.बाट आठ पास गरेको थिएँ । पढाईमा खासै मन गएन । शिक्षा धेरै महत्वपूर्ण कुरा हो भनेर पढाउने चलन पनि थिएन । त्यसमाथि छोरीका लागि शिक्षा त मानिसहरूको कम प्राथमिकतामा पर्थ्यो ।

अरु जातीको कुरा छाडौं, थारुकै छोरीहरु पनि डाक्टर इन्जिनियर भएका छन् । सांसद मन्त्री हुनु त बेग्लै कुरा हो ।

धेरै छोरीहरू पढ्नकै लागि युरोप अमेरिका पुगेका छन् । यसकारण चाहे छोरा होस्, चाहे छोरी होस् । राम्रो शिक्षा सबैलाई दिनुपर्ने रहेछ । मेरै चार दिदी बहिनी सबै गृहिणी छन् । तिनीहरु सबैले राम्रो पढेको भए जागिर खान्थे होला । कुनै व्यवसाय गर्थे होला । महिनामा २०-३० हजार नै कमाउँदा पनि त पतिसँग हात फैलाउनु पर्दैन थियो । आशा गरौं, बिस्तारै चेतना आउला । दुनियाँमा कस्तो कस्तो कुरा बदलियो, छोरीको जीवन नबदलियला त ?

म आफ्नो पार्टनरसँग छु । कोही व्यक्ति एक्लो छ भन्ने थाहा पाएपछि मौका छोप्न खोज्नेहरु चाहिँ धेरै हुँदा रहेछन् । यो कुरा मैले र मेरो पार्टनरले अनुभव गरेका छौं । नेपालको कानुनले समलिङ्गी विवाहलाई मान्यता दिँदैन । कम्तिमा बिहे गर्ने अधिकार दिएको भए, हामी एक्लो होइन भन्ने दुनियाँले थाहा पाउँथे । नेपालमा यति अधिकार कहिले पाइएला जस्तो लाग्छ । अर्को मनले भन्छ - अहिले पाएको पनि कम चाहिँ होइन । कुनै कुनै देशमा त समलैङ्गिकतालाई अपराध मान्छन् अहिले पनि । छोरीहरूलाई बुर्काभित्र कैद गर्ने खाडी देशमा कानुन छ । त्यो देख्दा सजिलो देशमा छौं जस्तो लाग्छ ।

> **नेपालको कानुनले समलिङ्गी विवाहलाई मान्यता दिँदैन । कम्तिमा बिहे गर्ने अधिकार दिएको भए, हामी एक्लो होइन भन्ने दुनियाँले थाहा पाउँथे ।**

# मेरो धर्मः मेरो कर्म




अशोक कोइराला

आँखाले नदेखेको, महशसु नगरेको, कुनै यन्त्र वा उपकरणबाट प्रष्ट नभएसम्म विज्ञानले कुनै पनि कुराको अस्तित्व स्वीकार गर्दैन । करोडौं प्रकाशवर्ष परका ग्यालेक्सीहरू आधुनिक टेलिस्कोपहरूले पत्ता लगाएका छन् । आँखाले देख्न नसकिने भाइरसहरू सुक्ष्मदर्शक यन्त्रले पत्ता लगाएका छन् । यसकारण यिनको अस्तित्व विज्ञानले मान्छ । तर मान्छेको आत्मा, ईश्वरको अस्तित्व विज्ञानले मान्दैन । यस्ता कैयन कुराहरू छन्, जसले हामीलाई गहिरो प्रभाव पार्छ, तर विज्ञानले मान्दैन ।

दुनियाँमा जातका नाममा धेरै पटक हिंसात्मक घटना भएका छन् । धर्मका नाममा युद्ध भएका छन् । प्रत्येक धर्मले समानता, सहअस्तित्व, भाइचारा र प्रेम सिकाउँछ । तर धर्मका नाममा युद्ध हुन्छ । जे हुनै नहुने हो, संसारमा त्यही हुन्छ ।

मैले जन्मिँदै यशूलाई मान्न थालें । म आमाको कोखमा जानु अघि नै आमा चर्च जान थाल्नु भएको थियो । मेरो जन्म इशाई परिवारमा भयो । तर मेरो परिवार वरपरका बाँकी सबै जसो हिन्दु परिवारहरू थिए । हिन्दुहरूको बीचमा रहेको इशाई परिवारले मलाई हुर्कायो । म हिन्दु नभए पनि हिन्दुका अधिकांश संस्कार र परम्परासँग म परिचित छु । हिन्दुका पर्व, रिवाज, संस्कारसँग म नजिक छु ।



पहिले नेपाल हिन्दु राष्ट्र थियो । अहिले धर्मनिरपेक्ष बनाइएको छ । नेपाल जस्तो देश बने पनि मलाई लाग्छ, यो देशमा धार्मिक सहिष्णुता छ । गोर्खा लमजुङ तिर हिन्दुहरूको बीचमा

म चर्चमै बुलिङको सिकार भएँ । मेरो यौनिकतालाई लिएर मेरा साथीदेखि गुरुहरूबाट समेत ममाथि अत्याचार भयो । त्यो एक प्रकारको मानसिक हिंसा थियो । त्यो हिंसाका कारण मेरो मनोबल, पढ्ने उत्साहमा ब्रेक लगाई दियो । सानैदेखि मेरो बोल्ने, हिँड्ने, व्यवहार गर्ने शैली पृथक थियो । त्यही पृथकतालाई अरुले मजाक बनाए ।

मुसलमानहरूका घर छन् । त्यहाँ मुसलमानहरू वर्षौंदेखि आफ्नो धर्म अभ्यास गरिरहेका छन् । तर हिन्दु मुसलमानबीच कुनै समस्या छैन । केही देशहरूमा एउटै धर्मका मानिसहरू पनि युद्ध गर्छन् । फरक फरक धर्मका मानिसहरूको द्वन्द्व त हुने भइ नै गयो ।

मैले धेरै पढ्न सकिनँ । १२ कक्षा पास गरेपछि पढाईमा पूर्णविराम जस्तै लाग्यो । म सानै छँदा बुवा बित्नु भयो । आमाले संघर्ष गरेर म र अरु दिदीहरूलाई हुर्काउनु भयो । पहिले नै आमाले इशाई धर्म अँगाल्नु भएको थियो । जब म स्कुल र चर्चमा बाइबल पढ्न थालें, निकै सानो हुँदा त खास फरक केही परेन । तर किशोरावस्थामा पुग्न लाग्दा ममाथि ज्यादती सुरु भयो ।

म चर्चमै बुलिङको सिकार भएँ । मेरो यौनिकतालाई लिएर मेरा साथीदेखि गुरुहरूबाट समेत ममाथि अत्याचार भयो । त्यो एक प्रकारको मानसिक हिंसा थियो । त्यो हिंसाका कारण मेरो मनोबल, पढ्ने उत्साहमा ब्रेक लगाई दियो ।

सानैदेखि मेरो बोल्ने, हिँड्ने, व्यवहार गर्ने शैली पृथक थियो । त्यही पृथकतालाई अरुले मजाक बनाए । अरु बच्चाहरूले खेलमा, अतिरिक्त क्रियालापमा प्राथमिकता पाउँदै गर्दा मलाई छुट्याइन्थ्यो । त्यस्ता कार्यक्रमहरूमा मलाई अलग राखिन्थ्यो ।



किनभने त्यहाँ मेरो यौनिकता जोडिन पुग्यो । "तिमीलाई केटाको समूहमा राख्ने कि केटीको ?" भनेर ह्यारेसमेन्ट गरिन्थ्यो । यस्तो पीडाले मेरा धेरै उत्साह मार्ने काम गर्‍यो ।

चर्चमा बाइबल पढाई हुन्थ्यो । मेरो पढाई राम्रै थियो । परिक्षामा एक पटक म दोस्रो भएँ । अरु साथीहरु प्रथम, द्वितीय, तृतीय हुँदा उनीहरुलाई बधाई दिइन्थ्यो । म दोस्रो स्थानमा आउँदा "यो कसरी सम्भव भयो ? " भन्दै ममाथि केरकार भयो ।

सफलतामा पनि ममाथि प्रश्न उठाउने । असफलतामा त कसले माया गर्छ र ? मसँग यस्तो व्यवहार हुनुको एक मात्रै कारण मेरो यौनिकता थियो । किशोर अवस्थामा पुग्दै गर्दा मलाई आफू पुरुष समलिङ्गी हुँ भन्ने थाहा भइसकेको थियो ।

अहिले म २६ वर्षको हुँदा बिहेको बारेमा सोच्दिनँ । घरमा ममीले मलाई कुनै केटीसँग बिहे गर्नु पनि भन्नु हुन्न । यो अवस्थासम्म आउँदा बीचमा के के भयो, के के भएन यसको वृतान्त निकै लामो छ ।

मानिसहरु धर्मका विषयमा विवाद गर्छन् । राजनीतिक आस्था वा विचारबारे त खुलेर विचार विमर्श गर्न पाइन्छ पनि । कुनै राजनीतिक विचार गलत हो, वा सहि हो भनेर मज्जाले अन्तरक्रिया गर्न पाइन्छ । तर कुनै धर्म खराब हो भन्न चाहिँ पाइँदैन । धर्म व्यक्तिको निजी मामिला हो । सबैले आ-आफ्नो धर्म इच्छाअनुसार मान्ने छुट सबैलाई हुन्छ र हुनुपर्छ ।

तर धर्मग्रन्थमा भएका वा अन्य ग्रन्थमा लेखिएका विषयहरुलाई मानिसहरुले तोडमरोड गरेर आफूखुसी व्याख्या गरेको चाहिँ मलाई मन पर्दैन । क्रिश्चियन धर्ममा कुनै वस्तुलाई मुर्तिको आकृति नदेऊ भनेको छ । तर शरिरमा ट्याटु खोप्दा यो पनि मूर्ति बनाए जस्तै त हो भनेर रोक लगाउने प्रयास गरिन्छ । परमेश्वरले त आफ्नो शरिरलाई प्रेम गर भन्नु भएको छ । आफ्नो शरिरलाई प्रेम नगरी ट्याटु बनाइएको होला त ?

अर्को मूल कुरा त समलैङ्गिकतालाई इशाई धर्ममा पाप भनिएको छ । तर म चाहिँ पाप मान्दिनँ । किनभने मेरो समलैङ्गिकताले कसैको मन दुखाएको छैन । कसैलाई हिंसा गरेको छैन । बाइबलले यौन श्रमलाई गलत भनेको छ । म यौन श्रममा पनि छैन । समलिङ्गी भएर यौन श्रम गर्नु धर्मको दृष्टिमा पाप होला । तर यसका पनि अनेक आयाम छन् । अनेकन व्याख्या छन् । हिजो गलत भनिएका कुराहरु आज ठिक भइसक्छन् । हिजो ठिक भनिएका कुराहरु आज पालना गर्नै नसकिने अवस्थामा पुग्छन् ।

जस्तो कि हिन्दुधर्ममा लेखिएका सबै कुरा आज हिन्दुहरुले पालना गर्छन् त ? जब व्यवहार र यथार्थ जीवनसँग कुनै कुरा मेल खाँदैन भने त्यसलाई मानिसले क्रमशः छाड्दै जान्छ ।

आज म धर्म छाड्न पनि सक्दिनँ । मेरो यौनिकता बदल्न पनि सक्दिनँ । सुरुमा त मेरो खुसी प्रधान हो । अरुको चाहना, अरुको



खुसीका लागि मैले मेरो जीवनकै मोड किन बदल्नु ?

समलैङ्गिकता पाप हो भने परमेश्वरको ध्यान गर्दा मलाई किन शान्ति मिल्छ ? म समलिङ्गी सम्बन्धमा छु । तर म परमेश्वरको प्रार्थना पनि गर्छु । मलाई यसो गर्दा आध्यात्मिक शान्ति मिलिरहेको छ । यदि यो पाप नै हुन्थ्यो भने यस्तो नहुनु पर्ने होइन र ?

यो पृथ्वीमा कति प्रजाती बस्छन् होला ? अर्बौं होलान् । हाम्रो पृथ्वी जस्ता ग्रह ब्रम्हाण्डमा कति होलान् ? अर्बौं होलान् । ती कुनैप्रति प्रकृतिको कुनै फरक व्यवहार छैन । सूर्यले समान ढङ्गबाट प्रकाश छर्छन् । प्राणवायु सबैका लागि समान रुपमा वितरण भएको छ । अनि फरक यौनिकता भएकाहरुका लागि मात्रै श्रृष्टिको नियम फरक, ईश्वरको कृपा पृथक हुन्छ होला र ? यस्तो त हुँदैन । यत्रो ब्रम्हाण्ड बनाउने परमेश्वर यति साना साना कुरामा अल्झिँदैनन् । हामी जस्ता फरक मानिस परमेश्वरलाई मन पर्दैन थियो भने उनले हामीलाई जन्म नै दिने थिएनन् ।

चार पाँच पुस्तादेखि हाम्रो परिवार काठमाडौंमा बस्दै आएको छ । म काठमाडौंमै जन्मे, हुर्के । यो सहरले धेरै दिएको पनि छ । केही मानिसहरुले दुःख पनि दिएका छन् । समाज सभ्य नहुँदा सामान्य मानिसहरुलाई हैरान हुन्छ । समाज विकासको चरणमा छ । कुनै राम्रो समय अवस्य आउनेछ ।

यो काम व्यक्ति व्यक्तिबाट हुन्छ । मैले सडक बालबालिकाका लागि काम गर्ने एक संस्थामा धेरै वर्ष काम गरें । त्यो प्रोजेक्ट सकिएपछि अहिले अर्कोमा गर्दैछु । पढाई लगभग छाडे वा भनौं सकें । उमेर भइसकेको छ । मेरो यौनिकता परिवारमा ममीलाई भनेको छु । मेरो एक पार्टनर पनि हुनुहुन्छ । उहाँ पहिले अर्कै धर्ममा हुनुहुन्थ्यो । हामी सम्बन्धमा भएपछि उहाँले पनि इशाई धर्म अँगाल्नु भयो ।

मेरो विषयलाई लिएर ममीले बढी चिन्ता गर्नुहुन्छ । आफ्नो यौनिकताबारे ममीलाई भनेपछि उहाँ धेरै दुःखी बन्नु हुन्छ होला भन्ने ठानेको थिएँ । तर सन्तानको खुसीभन्दा ठूलो कुरा एक आमाका लागि अरु के हुन्छ होला र ? "पार्टनरसँग सधै बस्न सक्छौं त ?" भन्ने प्रश्न गर्नुभयो । अनि उहाँले यो कुरा अरुले थाहा पाउँदा मलाई तिरष्कार गरिएला भनेर "अरुलाई नभन्नु" पनि भन्नु भयो ।

समलैङ्गिक सम्बन्धलाई मेरो ममीले राम्रो मान्नु हुन्न थियो । तर अचम्म आफ्नो सन्तानको हकमा आमाहरु कति उदार हुन्छन् । मैले आफ्नो यथार्थ बताए पछि फेरि उहाँले सहजतापूर्वक लिइ दिनु भयो । विविधतालाई ममीले स्वीकार गर्नु भयो । यसकारण हामी सँगसँगै छौं, खुसी छौं ।

# म एक्ला हुँ



कुसुम सुनुवार

भन्ने गरिन्छ - जीवन सुख दुःखको सङ्गम हो । मेरो आगामी जीवन कस्तो हुन्छ थाहा छैन । तर अहिलेसम्मको मेरो जीवनलाई फर्केर हेर्ने हो भने सुख दुःखको नियम खास मेल खाँदैन । अर्को शब्दमा भन्नु पर्दा मेरो जीवन संघर्षको पर्याय बनेको छ ।

अहिले म ३० वर्षकी भएँ । महिला हुँ तर मेरो यौनिकताले पुरुष खोज्दैन, महिला नै खोज्छ । म जस्ता मानिसहरू समाजमा निकै कम हुन्छन् । मेरो यौनिकता फरक हो । आम रुपमा पृथक छ । यस्तो हुनु धेरै हिसाबले कठिन पनि हुन्छ । मेरो यो कठिनता यतिमै सिमित भइदिएको भए सायद कुरा अर्कै हुन्थ्यो ।

चिकित्सकहरूले केही वर्षभित्र ममा बढ्दै गएको बहिरोपन उत्कर्षमा पुग्ने आँकलन गरेका छन् । जुन दिनदेखि मेरो कानले काम गर्न पूरै बन्द गर्छ, त्यो दिनपछि यो दुनियाँका कुनै आवाज मेरो मस्तिष्कसम्म पुग्ने छैन । कोइलीको कुहु-कुहुँ, छङ्छङ बज्दै बग्ने खोला, हल्का बतासमा पनि सल्लाघारीमा सुनिने हावाको त्यो सुसेली फेरि मसम्म आइपुग्ने छैनन् ।

आर्थिक विपन्नता, आयस्रोत नहुनु, सामाजिक सुरक्षा नहुनु आदि थप कारणहरूले म र म जस्ता धेरैलाई प्रभावित पारेको छ । बहिरो पन हुनाका कारण आवाज सुन्ने बिग्रेको मेसिन कानमा लगाउनु मेरो रहर होइन, बाध्यता हो । गरिबका लागि सजिलो नभए पनि हाम्रो देशमा ठूला मान्छेहरूको चाहिँ सरकार आफैंले विदेशमा समेत लगेर उपचार गरिदिन्छ भन्ने सुनेकी छु-चाहे त्यो समस्या ग्याष्ट्रिककै किन नहोस् ।

धेरै मान्छेहरूलाई लाग्छ - बोल्न नसक्नेहरू लाटा हुन् । तर कान नसुनेपछि मान्छे स्वतः बोल्न सक्दैनन् । असलमा ती मानिसहरू बहिरा हुन्, लाटा होइनन् । ममा बहिरोपन अहिले पनि छ । सामान्य आवाज म सुन्न सक्दिनँ । अर्थात म सुन्ने मामिलामा पनि पृथक छु । फरक छु । आम मानिसहरूसँग मेरो हिसाब हुँदैन । तर यो दुनियाँ सामान्यतः आम मानिसहरूकै लागि बढी सहज छ । हामी जस्ताको लागि छैन ।



६० सालदेखि भक्तपुरको लोकन्थलीस्थित नदी किनारमा छाप्रो बनाएर हामी बसेका छौं । बस्नका लागि हामी बसेका छौं । तर मेरो जीवनमा म मात्रै छ, हामी छैन । हामी भएर पनि म चाहिँ एक्लै छु । पृथक वा फरकहरूका लागि साथी पाउन पनि गाह्रो छ । म फेरि अनेक प्रकारका पृथकतासँग जोडिएकी छु । यौनिकता फरक हुनु, बहिरोपन, आर्थिक विपन्नता, बेरोजगारी, नदी किनारको बास आदि इत्यादीले मेरो जीवन सहज छैन । दुःख पनि छैन । संघर्ष चाहिँ छ ।



नेपालमा यसै पनि महिलाहरूका लागि केही कठिन नै छ । मेरो हकमा अपाङ्गता पनि थपिएको छ । फरक यौनिकताको मामिला अझै पेचिलो हो । तर यो कुरा धेरै मानिसहरूले बुझ्दैनन् । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई समाजमा होच्याउने पनि गरिन्छ । तर म लेस्बियन भएको र मेरो कुनै फरक भेषभुषा र शैली नहुने भएका कारण मैले यौनिकताको विषयलाई लिएर फरक अनुभव गर्नु परेको छैन ।

यति हुँदा पनि मेरो जीवन किन दु:खमय छैन त ? खासमा दु:ख भन्ने त अनुभूति हो । मैले दु:ख अनुभव गर्दिनँ । मेरो संघर्षमा पनि म सुख नै अनुभूति गर्छु भने जीवन दु:खी नहुँदो रहेछ । यसकारण मेरो मत छ, दु:ख भन्ने त आफूले सिर्जना गर्ने भावना हो । कम्तिमा मैले पनि "म दु:खी छैन" भन्ने ठानेँ भने बाँकी धेरैका लागि यो कुरा प्रेरणादायी हुनेछ ।

३० वर्षको उमेरसम्म मैले आफ्नो जीवनसाथी भेटेको छैन । पहिले एक जना हुनुहुन्थ्यो । अहिले एक्लै छु । म समलिङ्गी महिला भएको हिसाबले मलाई मजस्तै साथी चाहिन्छ । यस्तो साथी भेटिन गाह्रो छ । तर साथीहरू धेरै हुनुहुन्छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको लागि काम गर्ने संस्थाहरू छन् । जसले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुबीच चिनजान र सहकार्यको ढोका खोलिदिएको छ ।

यी संस्थाहरूका कारण म जस्ता धेरैलाई के लाग्दो रहेछ भने "हाम्रो लागि पनि बोलिदिने कोही छ" । संघ संस्थाहरुले संकटको बेला केही सहयोग गर्छन् । सधै गर्दैनन्, गर्नु पनि हुँदैन । सबैले आ-आफ्नो पौरख खाने हो । म मेरै पौरख खान्छु भन्ने स्थिति चाहिँ बन्नु पर्छ । तर, "हामीलाई" डर चाहिँ कतिबेला खोला किनारबाट सरकारले धपाउला भन्ने हुन्छ ।

सिन्धुलीको घ्याङ्लेक -२ बस्तीपुरमा हो हाम्रो खास घर । भन्नका लागि घर भए पनि खास कुनै सम्पत्ति छैन । भक्तपुरमा पनि बस्ने ठाउँ भएन । खोला किनारमा बनेको छाप्रोमा जीवन चलिरहेको छ । परिवारमा बा, आमा, दाजुभाई दिदीबहिनी सबै जना हुनुहुन्छ । तर म बेग्लै बस्छु ।

बचेराको पखेटा पलाएपछि उसकै आमा चरीले ठुँगेर गुँडबाट उडाइ दिन्छे रे । पखेटा लागेपछि अब आफैँले गरिखानु पर्छ भनेर यसो गरेको त होला । उमेर पुगेपछि मान्छेको जीवनमा पनि त्यस्तै हो । छोराछोरी हुर्के बढेपछि घर छाडेर जागिर खान हिँड्छन् । खाडी मलेसिया जाने नेपालीहरू त्यस्तै त हुन् । अलि पढे लेखेकाहरू युरोप अमेरिका जान्छन् । त्यति गर्न नसक्नेहरू कोरिया, जापान जान्छन् । त्यति पनि गर्न नसक्ने खाडी मलेसिया जान्छन् । यति पनि गर्न नसक्नेहरू सायद मैले झैं नेपालमै संघर्ष गरेका होलान् ।

बाल्यकाल संघर्षमा बित्यो, भने जस्तो पढ्न लेख्न पाइएन । हातमा कुनै राम्रो सिप वा बिक्री हुने शैक्षिक प्रमाणपत्र भइ दिएको

भए अहिले ठेलाको व्यापार गरिहरनु पर्दैन थियो होला । दुःख त यस कुरामा लाग्छ कि यो व्यापारमा पनि कति बेला नगर प्रहरी आउँछन् र ठेला उठाएर लैजान्छन् भन्ने पीर हुन्छ । गरेर खान पनि नपाइने चाहिँ किन ? भन्ने प्रश्न चाहिँ मनमा उठिरहन्छ ।

संसारमा कतिवटा देश होलान् ? त्यो मलाई थाहा छैन । कुनै देशको राजा हुन भाग्यमा लेखिनु पर्ला । ठूलो पराक्रम गर्नु पर्ला । त्यस्तै विशेष घटना हुनु पर्ला । हामी जस्ता मान्छेलाई राजा हुनु छैन । रानी बन्नु छैन । देश जुनसुकै होस् । भेष जुनसुकै लगाइयोस्, तर यो दुनियाँमा जन्म लिएपछि गरेर त खान पाइनु पर्ने हो नी ।

संसारका नामी र दामी वस्तु हामीलाई चाहिएको छैन । भन्छन् नी चौरासी व्यञ्जन, त्यो पनि चाहिएको छैन । हामी जस्ता सामान्य मानिसहरूले गरि खान चाहिँ पाउनु पर्ने होइन र ?

बाँच्नका लागि पार्टी प्यालेसहरूमा भाँडा पनि माँझे । फेरि पनि माझ्नु पर्ला । अहिले ठेलामा मौसम अनुसारका तरकारी फलफूल ल्याउँछु, बिक्री गर्छु । बिक्री राम्रो भए दुई चारसय बच्छ, भएन भने साँवा पनि डुब्छ । आफ्नो लागि आफैंले गर्नु पर्छ । आज कमाएको पैसा आजै खर्च हुन्छ । आज कमाएर भविष्य सुरक्षित राख्ने बारे त कुनै सोच पनि आउँदैन । नेपालमा यसै पनि महिलाहरूका लागि केही कठिन नै छ । मेरो हकमा अपाङ्गता पनि थपिएको छ । फरक यौनिकताको मामिला अझै पेचिलो हो । तर यो कुरा धेरै मानिसहरूले बुझ्दैनन् । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई समाजमा होच्याउने पनि गरिन्छ । तर म समलिङ्गी महिला भएको र मेरो कुनै फरक भेषभुषा र शैली नहुने भएका कारण मैले यौनिकताको विषयलाई लिएर फरक अनुभव गर्नु परेको छैन ।

आर्थिक विपन्नता, आयस्रोत नहुनु, सामाजिक सुरक्षा नहुनु आदि थप कारणहरूले म र म जस्ता धेरैलाई प्रभावित पारेको छ । कानमा लगाउने मेसिन किन्न ८० हजार जति लाग्छ । पहिले एउटा संस्थाले दिएको थियो । बिग्रिएपछि अर्को किन्न सकेको छैन । यस्तो मेसिन कानमा लगाउनु मेरो रहर होइन, बाध्यता हो । कल्याणकारी राज्य वा देश भइदिएको भए सायद म जस्ता अपाङ्गता भएकाहरूले पैसा नभएकै कारण यस्तो मेसिन अभाव झेल्नु पर्दैन थियो होला । गरिबका लागि सजिलो नभए पनि हाम्रो देशमा ठूला मान्छेहरूको चाहिँ सरकार आफैंले विदेशमा समेत लगेर उपचार गरिदिन्छ भन्ने सुनेकी छु-चाहे त्यो समस्या ग्यास्ट्रिककै किन नहोस् ।

एउटा फूलबारीमा धेरै प्रकारका फूलहरू हुन्छन् । फरक फरक फूल भएकै कारण त्यो फूलबारी बनेको हो । एकै जातको मात्रै फूल लगाइयो भने त्यो खेती हुन्छ, फूलबारी हुँदैन । जस्तो कि सूर्यमुखी फूलको खेती । सूर्यमुखी फूलको खेतीमा गएर हेर्दा कति राम्रो देखिन्छ । सूर्य उदाउनेतिर फूलहरू फर्किएर फुल्छन् । सुन्दर नै भए पनि त्यो फूलबारी होइन, खेती नै हो ।

समाज पनि यस्तै त हो । यहाँ कोही सबल हुन्छन् कोही दुर्बल । कोही गरिब, कोही धनी । अग्ला, होचा, काला, गोरा । विविधतायुक्त छ हाम्रो समाज, हातका पाँच औंला जस्तै । ती फरक भए पनि सबै सँगै छन् । तिनको एकताले नै बल दिन्छ, आकार दिन्छ तथा औचित्य र अर्थ दिन्छ । मेरो नाम चाहिँ पाँच औंलाको जस्तै "एकता" हो, - एकता सुनुवार ।

> ३० वर्षको उमेरसम्म मैले आफ्नो जीवनसाथी भेटेको छैन । म समलिङ्गी महिला भएको हिसाबले मलाई मजस्तै साथी चाहिन्छ । यस्तो साथी भेटिन गाह्रो छ । तर साथीहरू धेरै हुनुहुन्छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका लागि काम गर्ने संस्थाहरू छन् । जसले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूबीच चिनजान र सहकार्यको ढोका खोलिदिएको छ ।

# म बाबु,
# म आमा



सुनिता लामा

मेरो जीवन कथा सुन्नेहरूलाई होइन, भोग्ने म स्वयंलाई पनि अनौठो लाग्छ । आफ्नो जीवन आफैँलाई अचम्मको नलाग्नु पर्ने हो । कोइलीले कागको गुँडमा आफ्नो बचेरा कोरल्छ, स्वयं कोइलीलाई अनौठो लाग्छ र ? सुँघ्ने क्षमता मान्छेमा भन्दा कुकुरमा एक लाख गुणा बढी हुन्छ रे, स्वयं कुकुरलाई अनौठो लाग्छ र ?

तर मेरो जीवन मलाई अनौठो लाग्छ । केही वर्षअघिसम्म मलाई मेरा सन्तानले बुवा भन्थे, अहिले "ममी" भन्छन् । यस्तो कुरा धेरैका लागि दन्त्य कथा जस्तो लाग्छ होला । अज्ञातवासमा अर्जुनलाई आफ्नो पत्नी द्रोपदीले समेत "बृहन्नला" भन्थिन् ।



मेरो जीवन यस्तै यस्तै छ । २२-२३ वर्षअघि उनीसँग मलाई भेट गराइयो । हजुरआमा हुनुहुन्थ्यो - जीवनको उत्तरार्धमा । नातिको बिहे गरिदिन पाए चिन्तारहित भएर परलोक सुधार्न पाउँथे भन्ने उहाँमा चाहना थियो । हजुरआमाको त्यही चाहनाले मेरो उनीसँग भेट भयो ।

त्यो बेला म पनि थिएँ २२-२३ को युवक । उनी पनि त्यस्तै उमेरकी । त्यो उमेरमा त सबै सुन्दर लाग्छन् । फूलको सुन्दरतामा हेर्नेको यौवनको चमक भरिँदा कस्तो हुन्छ ? त्यस्तो बेला थियो ।

केटाले केटी हेर्‍यो, केटीले केटा हेरिन् । बोली मुस्किलले फुट्यो । मन नपर्नु त के थियो र ? मन पर्‍यो । दुवैले विवाहका लागि मञ्जुरी दियौं । कुनै प्रेम विवाह थिएन । एक अर्कालाई बुझेका थिएनौं । तर हामी एकले अर्कोलाई मन परायौं । खासमा "हुन्छ" भनेछौं । वा भन्यौं ।

मान्छेको जात दुनियाँ बुझ्दै हिँडेको हुन्छ । भन्छन् नी - तर मान्छेले आफैँलाई बुझेको हुँदैन । आफ्नै अन्तस्करण थाहा पाएको हुँदैन । आत्माको पुकार चिनेको हुँदैन । म के हुँ ? त्यो थाहा पाउँदैन । कहाँबाट आएँ ? किन यो धर्तीमा आएँ, त्यो पनि थाहा पाउँदैन । आजको मान्छे - स्वयंको ठेगान छैन । तर अन्तरिक्षमा अर्को ग्रहमा एलियन खोज्दै हिँडेको छ ।

हजुरआमाको अन्तिम इच्छा नातिको विवाह थियो । मैले विवाह गरेँ । उनी दुलहीका रुपमा मेरो घरमा भित्रिइन् ।

दुई वर्षको अन्तरमा दुई सन्तान जन्मिए । उनी आमा भइन् । म बा बनें । हाम्रा दुई सन्तानले हाम्रो परिवार पूर्ण गरिदियो - देख्नेहरूले यसै भन्थे ।

बाहिरबाट जे देखिन्छ, सधै त्यो सत्य हुँदैन । जे देखिदैन, कतिपय अवस्थामा त्यो सत्य हुन्छ । प्रत्येक बिहान पूर्वबाट सूर्य उदाएको देखिन्छ । पृथ्वीभन्दा एक दुई हजार किलोमिटर माथि गएर हेर्‍यो भने कता पूर्व, कता पश्चिम ।

विवाह भयो, सन्तान जन्मिए । उनी सायद खुसी नै थिइन्, अलिकति दुःखी थिइन् । यही बीच मेरो भेट भयो सुनिलबाबु पन्तसँग । यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार प्राप्तिको लडाईंमा पन्तको ठूलो योगदान छ । उनले संविधान सभा सदस्यका रुपमा यो समुदायको अधिकार स्थापित गर्न भूमिका खेलेका थिए ।

उनै पन्तका कारण मैले मेरो यौनिकता थाहा पाएँ । म पुरुषका रुपमा व्यवहार गरिरहेको भए पनि भित्रबाट म महिला हुँ भन्ने बुझेँ । मलाई सधै महिलाको श्रृङ्गारले आकर्षित गर्थ्यो । महिलाका कपडासँग म आफूलाई मैत्री पाउँथे । पुरुष-पर लाग्थे,




महिला-प्रित लाग्थे, संगी लाग्थे । हितचित सुनाउने संगीनी जस्ता लाग्थे । तर फेरि पनि मलाई यो समाजले पुरुष र दुई सन्तानको बाबु भनेर चिनेको थियो । उनीसँग मेरो शारीरिक सम्बन्ध नहुने होइन, हुन्थ्यो । तर निकै कम । सुरुदेखि नै नियमित हुँदैन थियो । हाम्रो आलिङ्गनमा दूरी शुन्य हुन्थ्यो, तर त्यसमा माधुर्यता हुन्न थियो । फूलमा सुवास नभए जस्तै ।

एक दिन मैले भनें, "म त म जस्तो छैन । तिमीले ममा म पाउँछौं ?" उनले मेरो कुरा बुझिनन् । फेरि भने, "म पुरुष नै होइन । म तिमी जस्तै हुँ । मेरो शरिरमा पुरुष अंग छन् । तर पनि म तिमी हुँ ।" यो कुराले उनी थचक्क बसिन् । उनका आँखामा टिल्पिलाएका आँशु म देखिरहेको थिएँ । उनको निधारमा हल्का पसिनाका कणहरुले उनमा के बितिरहेको थियो, त्यो मैले जति कसले अनुमान गर्न सक्थ्यो होला र ?

> मेरा सन्तानले मलाई पहिले बुवा भन्थे । अहिले ममी भन्छन् । मैले सर्ट पाइन्ट लगाउने छाडेको धेरै भयो । म महिला नै हुँ । महिलाकै सज्जामा रमाउन चाहन्छु । यो किन ? कसरी ? के का लागि ? भन्नेहरु समाजमा कति छन् कति । यो प्रश्नको जवाफ मेरो जीवन होइन, बाँकी सात पुस्ताको जीवनले एकोहोरो भनिरहे पनि समाजले ढुक्कले बुझिसक्दैन जस्तो लाग्छ ।

"हामी साथी भएर रहन सक्छौं । पति पत्नीकै झैं अभिनय गरेर बस्न सक्छौं । आखिर यो दुनियाँमा हामी सबै पात्र त हौं । हामीलाई निर्देशन गर्ने निर्देशक त कहाँ छ कहाँ ? जसरी पनि हामी मिलेर बस्न सक्छौं । तर शारीरिक सम्बन्ध चाहिँ हुन सक्दैन ।" मैले

यो कुरा गरेँ । उनी अवाक भइरहिन् । यस्तो कुराको जवाफ के हुन्छ ? यस्तो अनौठो अवस्थामा के जवाफ दिने भनेर कसले पूर्वतयारी गरेर बस्छ र ?

उनलाई लाग्यो, मेरो बाहिर कुनै युवतीसँग सम्बन्ध छ । रेष्टुरेन्टमा खाना खान थालेपछि मान्छेलाई घरको खाना किन चाहिन्छ र ? उनले मेरो विवाहेत्तर सम्बन्ध रहेको उनले ठानिरहिन् । उनी र म एउटै घरमा, एउटै कोठामा, एउटै ओछ्यानमा हुन्थ्यौं । तर पनि हामीबीच सात समुद्र बराबरको दूरी हुन थाल्यो । मैले मेरो साथी गुमाउँदै गएँ । उनले पनि मलाई गुमाउँदै गइन् ।

छोरी मान्छेको जात त पऱ्यो । कसै न कसैको साथ त खोजी हाल्छ नी । उनी अरु नै कसैसँग नजिक हुन थालिछिन् । यसमा उनको के दोष ? मै दोषी हुँ भनौं भने मबाटै यी दुई सन्तान जन्मेका हुन् । म दोषी होइन भनौं भने आखिर कुरा त मेरो तर्फबाट सुरु भएको छ । यो दोष कसको हो, रहेछन् भने ईश्वरले थाहा पाउलान् ।

तर, म यति भन्छु, उनी जहाँ छिन्, खुसी रहुन् । यी सन्तान उनी र मेरा साझा हुन् । मेरो कारणले सन्तान टाढा नबनून् । उनी आमा हुन्, धर्ती हुन् । यसकारण ती आमासँग उनका बालबच्चा टाढा बनाउने प्रयास म कहिले पनि गर्दिनँ ।

तर, अब म पनि आमा भएकी छु । उनीसँग मेरो सम्बन्ध विच्छेद भएपछि दुई सन्तानको शिक्षादिक्षाको जिम्मेवारी मेरो काँधमा आएको छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका लागि काम गर्ने संस्थामा पनि मैले डेढ दशक जति काम गरेँ । अहिले आफ्नै "मायाको संसार" भन्ने संस्था पनि खोलेकी छु । यो संस्थाले यौनिक तथा लैङ्गिक अल्पसंख्यक, महिला र पुरुष यौन श्रमिकको समस्या सुन्ने र उनीहरुको अधिकारका लागि लड्ने काम गर्छ ।

मेरा सन्तानले मलाई पहिले बुवा भन्थे । अहिले ममी भन्छन् । मैले सर्ट पाइन्ट लगाउने छाडेको धेरै भयो । म महिला नै हुँ । महिलाकै सज्जामा रमाउन चाहन्छु । यो किन ? कसरी ? के का



लागि ? भन्नेहरु समाजमा कति छन् कति । यो प्रश्नको जवाफ मेरो जीवन होइन, बाँकी सात पुस्ताको जीवनले एकोहोरो भनिरहे पनि समाजले ढुक्कले बुझ्किसक्दैन जस्तो लाग्छ ।

तर, मेरा बच्चाहरुले बुझेका छन् । म ड्याडी थिएँ, अब ममी भएँ । मेरो परिवार भन्नु यिनी सन्तान हुन् । यिनले मेरो कुरा बुझे भइ त गयो । उनीसँग छुटेपछि उनले दोस्रो विवाह गरि सकिन् । त्यो ठिकै पनि छ । निकटहरुले सोध्छन् "सुनिता,तिम्रो चाहिँ पार्टनर छैन ?" तर मैले बनाइन । एकल छु, यसमै खुसी छु । जीवनमा कोही भेटियो भने, सायद बन्छ पनि होला । भएन भने पनि नभएको कुरामा चिन्ता गरेर म जीवनलाई दु:खी बनाउन चाहन्न ।

# सेक्स चेन्ज: एक जोखिमयुक्त साहसिक निर्णय



सन्ध्या लोप्चन

दुनियाँमा धेरै कम मानिसहरूले गर्ने साहस मैले गरेँ । मैले यस्तो निर्णयमा सहमति जनाएँ, जुन पछि कुनै प्रकारको पश्चाताप वा धनसम्पत्ति खर्चेर त्यसलाई फर्काउन सकिन्न थियो । एक पटक भएपछि त भयो भयो । फेरि कहिले पनि फर्काएर ल्याउन नसक्ने शल्यक्रिया मैले गराएँ, त्यो पनि नेपालबाट धेरै टाढा थाइल्याण्ड पुगेर ।

यो यस्तो शल्यक्रिया हो, जुन बिना रोग मान्छेले गराउँछन् । रोग नै नभई पनि शल्यक्रिया हुन्छ र ? चिकित्सा विज्ञान त कहाँ पुग्यो पुग्यो । आँखाले देख्न नसकिने केही भाइरसले आज पनि हाम्रो चिकित्सा विज्ञानलाई घुँडा टेकाइ रहेको छ । तर कतिपय मामिलामा चमत्कार भएकोछ । कतिपय प्लाष्टिक सर्जरी, सेक्स चेन्ज गराउने सर्जरी बिना रोग नै गराइन्छ ।

मेरो जन्म पुरुषका रुपमा भएको थियो । आम पुरुषहरूसँग झैं मेरो पनि लिङ्ग थियो । सुषुप्त स्तन थिए । लाखौं खर्चेर मैले मेरो लिङ्ग फालें । त्यसलाई योनीमा परिणत गराएँ । मेरो यो सत्यकथा कुनै तिलस्मी उपन्यास जस्तो लाग्न सक्छ । महाभारतमा पाण्डवहरूको एक वर्षको गुप्तवासमा अर्जुन महिलाबाट पुरुष बनेका थिए । मेरो जीवनमा पनि यस्तै यस्तै घटना जोडिएका छन् ।

अहिले ३१ वर्षकी भएँ । घर हेटौडा ११ थाना भन्याङ हो । म, आमा र दिदी छौं परिवारमा । होटल चलाएर बसेका छौं । नाम –सन्ध्या ।

मेरो पुरुष जीवनमा सन्ध्या आउन कुनै बेर भएन । कक्षा ८ पढ्दा कै बेला यौवन सुरु भयो । यौवनकालमा मान्छेको मनमा खेल्ने जादुयी मादकता र मोहकताको वर्णन सम्भव हुँदैन । नेपाल टेलिभिजनमा एउटा संघर्ष भन्ने कार्यक्रम प्रशारण हुन्थ्यो । त्यो कार्यक्रममा यौनिक तथा लैङ्गिक अल्पसंख्यक एक पात्रसँगको कुराकानी मैले हेरेँ । त्यो कुराकानीबाट म प्रष्ट भएँ कि महिला पनि महिला नहुन सक्दा रहेछन् । पुरुष पनि पुरुष नहुन सक्दा रहेछन् र यो प्राकृतिक कुरा नै रहेछ । किशोरावस्थामै मलाई म "ही" म होइन, "सी" म हुँ भन्ने लागि सकेको थियो ।



भगवानले मलाई पुरुषको शरिर दिएर पठाए । तर मेरो मन महिलाको थियो । म महिला थिएँ, तर मसँग अनावश्यक रुपमा पुरुषका अङ्ग जोडिएर बसेका छन् भन्ने लागिरहन्थ्यो ।

ती अङ्ग मसँगै हुन् भन्ने म चाहन्न थिए । तर प्रकृतिले मलाई दिएर पठाएको थियो । त्यसलाई म के गर्न सक्थेँ र ?

मैले माथि भने नी, चिकित्सा विज्ञानले चमत्कार गरेको छ । प्रकृतिमाथि विज्ञानले विजयी प्राप्त गरेको त थाहा छैन । तर प्रकृतिका केही नियममा चाहिँ विज्ञानले धावा बोलेको छ । मान्छेले आकाशमा कृत्रिम बादल पठाएर कृत्रिम वर्षा गराइ रहेका छन् । खाडी मुलुकहरूमै त्यस्तो अभ्यास सुरु भएका सूचना आइरहेका छन् । चन्द्र धरातलमा मान्छे पुगेको त धेरै भयो । मंगलग्रहमा पुग्ने तयारी भइरहेको छ ।

मेरो तयारी चाहिँ चन्द्र धरातल होइन, मगलग्रह तिरको थिएन । मेरो सोच, चिन्तन, तयारी पुरुष अङ्ग फाल्ने र त्यसलाई महिलाको बनाउने भन्ने थियो । म यहि सपनामा डुब्न थालेँ ।

पुरुषबाट महिला बन्न मैले लाखौं खर्चिएँ । धेरै वर्ष संस्थामा काम गरेँ । त्यहाँ कमाएको ठूलो हिस्सा शल्यक्रियामा सिध्याएँ ।

"मिस ब्युटी एन्ड ब्रेन" नामक सुन्दरी प्रतियोगितामा म विजेता भएँ । त्यही मौकामा थाइल्याण्ड पुगे । त्यहाँ पुरुषबाट महिला बन्न सकिन्छ भन्ने थाहा पाएकी थिएँ । मैले वीरगञ्ज प्रोजेक्टमा को-अर्डिनेटरका रुपमा आठ वर्ष काम गरेकी थिएँ ।

त्यो बेला कमाएको ठूलो रकम मैले "सेक्स चेन्ज"मा खर्च गरेँ । लिङ्गलाई काटेर चिकित्सकहरूले योनीको आकार दिए । स्तनमा सिलिकन हालेर महिलाको जस्तै बनाइ दिए । शरिरका विभिन्न स्थानका रौहरु धुलिखेलकै एउटा क्लिनिकमा गएर हटाएँ ।



मेरो सहारा भन्ने साथीले मलाई थाइल्याण्डमा सेक्स चेन्ज हुन्छ भन्ने जानकारी दिएकी थिइन् ।

सेक्स चेन्ज भन्ने कुरा मामुली विषय होइन । यसमा शरिरको बनोट मात्रै फेरिने होइन, मानिसक अवस्थाको पनि नापजाँच हुन्छ । चिकित्सकहरूले विभिन्न चरणमा मनोपरामर्श गराउँछन् । उनीहरूले लिने प्रत्येक परिक्षामा उत्तीर्ण भएपछि मात्रै यस्तो शल्यक्रिया गरिन्छ । सेक्स चेन्ज गराउने व्यक्ति मानसिक रुपमा कति तयार छ भन्ने नै बढी ख्याल गरिँदो रहेछ । जब एक पटक लिङ्ग काटेर फालिन्छ, त्यसपछि आकाश धर्ती एक भए पनि त्यसलाई "अनडु" गर्न सकिन्न । लिङ्ग परिवर्तन गरिसकेपछि "मैले यो किन गराएँ" भन्ने मनमा कहिले पनि प्रश्न नउब्जियोस् भन्ने ठानिँदो रहेछ ।

एक पटक लिङ्ग परिवर्तन गराएपछि मान्छेको मन पछि बदलिएका घटना पनि धेरै छन रे । कतिपयलाई पछि यसले पीडा दिँदो रहेछ । पीडा भुल्न कोही रक्सीको नशामा डुबेका छन् । कतिले चाहिँ आत्महत्या पनि गरे भन्ने सुनेँ ।

केही मानिसहरूलाई यस्तो शल्यक्रिया गरिसकेपछि पश्चाताप हुन्छ । मानिस डिप्रेसनको सिकार हुन सक्छ । यसकारण यो शरिरको कुनै अङ्गमा गरिने फेरबदल मात्रैको विषय होइन । सजिलै र जो कोहीले चाहेर पनि लिङ्ग परिवर्तन गर्न सक्दैनन् ।

थाइल्याण्डका चिकित्सकहरूले मेरो लिङ्ग परिवर्तन गर्ने निर्णयमा पुग्दा उनीहरूले मेरो परिवारको समर्थन भएको, म अधिकारकर्मी पनि भएको र मानसिक रुपमा तयार भएको ठहर गरेका थिए । उनीहरूले लिङ्ग काटेर योनी बनाउन पाँच घण्टा लगाए । स्तनमा सिलिकन प्रत्यारोपण गर्न दुई घण्टा लगाए ।

तर, लिङ्ग परिवर्तन गरेको दुई महिनापछि मलाई पनि मानिसक रुपमा आघात हुन थाल्यो । मैले गल्ति गरेँ भन्ने अनुभूति हुन थाल्यो । पुरुषबाट महिला त बनेँ, तर प्रकृतिले दिए जस्तो रहिनँ । कुनै पुरुषले महिला मानेर मलाई बिहे गरेर पनि लैजाँदैन । जे गरेँ, यसले मलाई कुनै फाइदा नै दिएन भने आखिर मैले यति धेरै जोखिम उठाएर, लाखौं खर्चेर यस्तो गराएँ चाहिँ किन ? यस्ता अनेकन प्रश्नहरूले मलाई घेरे ।

अनेक प्रश्न मनमा उब्जिए । ती प्रश्नहरूको जवाफ मनले नै दियो । मानिसक पीडाको त्यो चरण कहालीलाग्दो छ । यसकारण लिङ्ग परिवर्तन सहज विषय होइन । सजिलो मामिला झन् होइन । तर मैले गराएँ । अहिले म शान्त छु । अनुत्तरित हुनु परेको छैन । आफ्नो अवस्थामा म सन्तुष्ट छु ।



> त्यो बेला कमाएको ठूलो रकम मैले "सेक्स चेन्ज"मा खर्च गरेँ । लिङ्गलाई काटेर चिकित्सकहरुले योनीको आकार दिए । स्तनमा सिलिकन हालेर महिलाको जस्तै बनाइ दिए । सेक्स चेन्ज भन्ने कुरा मामुली विषय होइन । यसमा शरिरको बनोट मात्रै फेरिने होइन, मानिसक अवस्थाको पनि नापजाँच हुन्छ । चिकित्सकहरुले विभिन्न चरणमा मनोपरामर्श गराउँछन् । उनीहरुले लिने प्रत्येक परिक्षामा उत्तीर्ण भएपछि मात्रै यस्तो शल्यक्रिया गरिन्छ ।

लिङ्ग परिवर्तन गराएपछि मूल रुपमा मानिसहरुलाई एउटा जिज्ञासा लाग्छ । यो जिज्ञासा कसैले सोधि पनि हाल्छन् । कतिपयले सोध्न हिच्किचाउँछन् । प्रश्न हो - लिङ्ग परिवर्तन पछि यौन जीवन कस्तो छ ? लिङ्ग हटाएर योनी त बनेको छ । तर घाउ निको हुँदै गएपछि योनीको प्वाल केही खुम्चियो । प्वाल सानो भएका कारण योनीमा शारीरिक सम्पर्क गर्न सजिलो भएको छैन । अरुको हकमा कस्तो हुन्छ मलाई थाहा छैन, तर मलाई योनीमा शारीरिक सम्पर्क गर्न गाह्रो नै छ ।

म मेरो पार्टनरसँग पहिले पनि "एनल सेक्स" गर्थे । अहिले पनि त्यही चलिरहेको छ । हामी दुवैजना यसमा सन्तुष्ट छौं ।

मसँग योनी, स्तन भए पनि म आमा बन्न सक्दिनँ । शरिर विज्ञानबारे सामान्य जानकारी राखेकाहरुले पनि यसको कारण थाहा पाउँछन् । आमा बन्न पाठेघर हुनुपर्छ । शरिरले डिम्ब उत्पादन गर्नु पर्छ । प्रकृतिले यसका लागि बेग्लै, व्यवस्थित र जटिल संयन्त्र महिलाको शरिरमा राखिदिएको हुन्छ । प्रकृतिको त्यो स्तरमा पुग्न चिकित्सा बिज्ञानलाई अझै कति सय वर्ष लाग्छ थाहा छैन ।

धेरैले मलाई सोध्नु हुन्छ, कि तपाई अरुलाई लिङ्ग परिवर्तन गराउने सुझाव दिनु हुन्छ कि दिनु हुन्न ?

वास्तवमा यो प्रश्नको एउटै सठिक जवाफ हुँदैन । किनभने चाहेर मात्रै पनि लिङ्ग परिवर्तन गराउन सकिदैन । यसका लागि सुरुमा त ठूलो धनराशी खर्च हुन्छ । मसँग त्यो बेला पैसा थियो । यसकारण सम्भव भयो । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु विभिन्न प्रकारका समस्याबाट गुज्रिरहनु भएको छ । उहाँहरुका लागि लाखौं जुटाउन पनि मुस्किल हुन्छ । पर्याप्त पैसा भए त त्यसलाई आर्थिक उपार्जनमा प्रयोग गर्न पनि सकिन्छ । आर्थिक रुपमा सबल भएपछि सामाजिक अवहेलना पनि सहनु पर्दैन ।

अर्को कुरा मानसिक रुपमा तयार हुनु पर्छ । परिवारले स्वीकार गर्नु पनि पर्छ । हर्मोन र केही भिटामिनहरु नियमित खानु पनि पर्छ । यस्तो धेरै प्रकारका जटिलताहरु हुन्छन् । यो एउटा रिस्क फ्याक्टर धेरै भएको काम हो । सामान्यत: म साथीहरुलाई यस्तो जोखिम नउठाउन नै सुझाव दिन्छु ।

# सानो घर : आफ्नै संसार



राज चौधरी, सम्झना (नाम परिवर्तन)

हाम्रो सानो घर छ । आफ्नै पौरख, दु:खले किनेको जमिनमा आर्जेको घरमा उनी र म बस्छौं । यो समाजमा हामी नहुँदा मानिसहरूलाई के के सजिलो हुन्छ, त्यो थाहा छैन । तर हामी भएकै कारण यहाँ कसैलाई कुनै हानी भएको छैन । किनभने हामी अरु कसैको निजी जीवनमा प्रवेश गर्दैनौं । कसैको अहित हुने गरी, अरुको खुसी खोसिने गरी हामी केही गर्दैनौं ।

तर पनि मानिसहरू हामी भए ठाउँ आएर भन्छन् "तिमीहरू सँगै नबस । तिमी अर्कैसँग जाऊ । तिमी अरु नै सँग जाऊ तर साथसाथ नबस ।"

हामी १३ वर्षदेखि सधै सँगैसँगै छौं । हामी यहाँ हुनुको अर्थ त विविधतामा एकता पनि त हो । हालका लागि यो कुरा बुझाउन कठिन छ, सजिलो छैन ।

म राज चौधरी "३६" र मेरी पार्टनर हुन् सम्झना (नाम परिवर्तन) "२९" । हामीसँगै बस्न थालेको यी १३ वर्षमा भएका घटनाक्रम मात्रै भन्ने हो भने पनि विषय लामो हुन जान्छ । यी १३ वर्षमा सम्झना र मलाई पाँच पटक त छुट्याएर लैजाने प्रयास भयो । पाँच पटक छुटिएर पनि हामी एकै भयौं ।

मानवीय स्वभाव कस्तो हुँदो रहेछ भने कोही मिलेर बस्यो भने पनि अरुलाई तनाव हुँदो रहेछ । म र सम्झना मिलेर बस्दा अरुलाई के समस्या ? हामीले कसैको जोडी भत्काएर आफ्नो बनाएका होइनौं । हामी अरुको जीवनमा प्रवेश गरेका पनि छैनौं । हाम्रो यो कामले अरु नै कोही जोडीविहीन हुने अवस्था पनि छैन । तर पनि मानिसहरूलाई हामी मन परेका छैनौं ।






कैलालीको धनगढी २ मा हाम्रो सानो घर छ । म काममा जान्छु । अक्सर सम्झना घरमै हुन्छिन् । यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुबारे बुझेका केही मानिहरु हाम्रो घरमै आएर सम्झनालाई भन्दा रहेछन् "उसको (मेरो) त उमेर गइसक्यो । तिमी भर्खर २८-२९ का छौ । राजलाई छाडिदेऊ । एउटा राम्रो केटा हेरेर बिहे गर । केटी केटी बसेर के हुन्छ ? छोराछोरी हुँदैन । यसरी जीवन चल्छ र ?"

मानिसहरु आफ्नो दुःखमा दुःखी हुन्छन् थाहा छ । तर अरुको खुसीमा बढी दुःखी हुन्छन् यो पनि सत्य नै हो । अझै अनौठो के भने हामी सुखमा रहौं या दुःखमा छौं, यो थाहा नपाई पनि मानिसहरु हाम्रो जीवनमा प्रवेश गर्छन् । हामीलाई विथोल्न खोज्छन् । यसो गर्नेहरुले आखिर पाउँछन् के ?

संयोग भनौं या भाग्यको खेल । म ट्रान्स म्यानका रुपमा परिचित थिएँ आफ्नो क्षेत्रमा । मेरो बारे अरुलाई थाहा थियो- सायद सम्झनालाई पनि । तर मलाई सम्झनाबारे थाहा थिएन । उनको यौनिकताबारे म बेखबर थिएँ ।

हामी दुवैजना एकै क्षेत्रको भएका कारण भेटघाट हुनु सामान्य थियो । उनी समलिङ्गी महिला रहिछिन् मलाई यकिन थिएन । तर हाम्रो प्रकृति मिल्छ कि ? भन्ने चाहिँ लागेको थियो । उनीसँग नजिक हुने प्रयत्नमा म हुँन्थे । उनी टाढा हुन खोज्थिन् तर त्यति धेरै पनि होइन ।

नजिक हुन पनि खोज्ने, टाढा जान पनि खोज्ने उनको शैली अनुभूति गरेँ । मौनता र संशयका बाँधहरु भत्काएर एक दिन उनलाई सँगै सँगै रहने प्रस्ताव गरेँ । उनको तर्फबाट कुनै जवाफ आएन । मैले जवाफ पाउने आशा त्याग्न पनि सकिनँ । दिनहरु बित्न थाले । हप्ताहरु बित्न थाले । तर जवाफ आएन ।

कहिलेसम्म पर्खिने ? भन्ने मनमा बेचैनी पनि भयो । हेर्दा हेर्दै महिना बित्यो । महिनाहरु बिते । छ महिना पुग्यो, जवाफ आएन । आखिर हुने कुरा भएरै छाड्दो रहेछ । मेरो प्रस्ताव उनले छ महिनापछि स्वीकार गरिन् ।

१३ वर्षअगाडिको त्यो घटनाले आज हामीसँगै छौं । उनको स्वीकारोक्तिपछि एउटा मौनता त चिरियो । योसँगै अन्य धेरै समस्या एक साथ प्रकट हुन तयार भएर बसेका छन् भन्ने चाहिँ अलि भेउ भएन । केही समस्या आउँछ भन्ने त थियो । तर यति धेरै आउँछ भन्ने चाहिँ थिएन ।

सम्झना मसँग आएर बस्न थालेपछि उनको घरका मानिसहरु पाँच पटक हामी भए ठाउँ आउनु भयो । मबाट उनलाई छुटाएर लैजानु भयो । जति पटक उहाँहरुले छुटाएर लैजानु हुन्थ्यो, हामी त्यति नै पटक जोडिन्थ्यौं । उहाँहरुले मेरो घरका मानिसहरु पनि

लिएर आउनु भयो । सक्ने जति सबै झमेला गर्नु भयो । उहाँहरूले जति पटक छुटाएर लैजानु हुन्थ्यो, हाम्रो सम्बन्ध उति नै प्रगाढ हुन थाल्यो ।

पाँच पटक छुटाउने प्रयास गर्दा पनि पार नलागेपछि उहाँहरूले पनि ठान्नु भयो होला "यो मामिला अब पार लाग्दैन ।"

हिजो आज घर परिवारबाट समस्या छैन । हामी घर परिवारमा पनि छैनौं । हाम्रो सानो घर र आफ्नै संसार छ ।

मेरो घरमा आमा, बुवा, दुई भाई, बुहारीहरू र बच्चाहरू पनि छन् । तर परिवारमा म छैन । म बेग्लै बस्छु । चाडपर्वमा घर जान्छु- सम्झनालाई पनि लिएर । उहाँहरू खुसी हुनुहुन्न, यो पनि थाहा छ ।

समाजका मानिसहरू समेत घरमा आएर मेरो बारेमा आमाबुबासँग कुरा गर्दा रहेछन् । "तेरो सन्तान यस्तो, उस्तो" भनेपछि आमाको मन अमिलिँदो रहेछ । त्यही भएर आमा सँधै रिसाउनु हुन्छ । बुवा चाहिँ "उसको जीवन, उसको खुसी" भनेर बस्नु भएको छ ।

उता सम्झनाको घरमा पनि दुई आमा, बुवा र दुई भाई छन् । उता पनि कोही खुसी छैनन् । उनका भाईहरूले पनि "यस्तो किन गरेको ?" भनेर दु:खमनाउ गरिरहन्छन् ।

हामीलाई थाहा छ कि हामीले आफ्नो गरेर खाएका छौं । अरुको कुनै बिगार गरिदिएका छैनौं । आफ्नो आवश्यकताको पूर्ति पनि अरुबाट गराई मागेका छैनौं । हाम्रो कारणले कसैलाई कुनै प्रकारको हैरानी पनि भएको छैन । तर पनि मानिसहरू हामी बाटो हिँड्दा समेत कुरा काट्छन् ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू हाम्रो समाजमा पनि हेपिएका छन् । कतिपय धार्मिक कट्टरता भएका मुलुकमा त समलैङ्गिकता एउटा अपराध सरह मानिन्छ । हाम्रो देशको संविधान र कानुन तुलनात्मक रुपमा लचिलो छ । संविधान र कानुन त अघि बढे तर समाजको चेत जहाँको त्यही रह्यो । कतिपय समलिङ्गी जोडीको



> हाम्रो देशको संविधान र कानुन तुलनात्मक रुपमा लचिलो छ । संविधान र कानुन त अघि बढे तर समाजको चेत जहाँको त्यही रह्यो । आर्थिक रुपले सबल, शैक्षिक रुपले प्रबल र सामाजिक चेतको दृष्टिले सशक्त भएपछि त्यस्तो व्यक्ति हेपिँदैन ।

कुरा, सामर्थ्यवान यौनिक तथा लैङ्गिक अल्पसंख्यकको कुरा हामीले पनि विभिन्न सञ्चार माध्यममा पढेका छौं, देखेका छौं । आर्थिक रुपले सबल, शैक्षिक रुपले प्रबल र सामाजिक चेतको दृष्टिले सशक्त भएपछि त्यस्तो व्यक्ति हेपिँदैन ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकको हकमा मात्रै यो कुरा होइन, समाजमा पछाडि पारिएका हर कुनै जातजाती, भाषाभाषी, कुनै क्षेत्र वा भूगोलमा बस्ने मानिसहरूको हकमा पनि यस्तै हो । प्रतिस्पर्धा गर्न सक्ने गरी सक्षम बनाउन सकियो भने मान्छे जुनसुकै लिङ्ग, धर्म, जातको किन नहोस्, उसले आफ्नो पौरख गरी खान्छ । सामाजिक जागरणको कुरा चाहिँ एउटा लामो दूरीको यात्रा हो । यो दुरी तय गर्न बाटोमा हामी भर्खरै प्रवेश गरेका छौं । यसले केही समय त अवस्य लिनेछ ।

# म ज्ञानु :
# मेरो पेशा, मेरो संघर्ष



ज्ञानु

बलेको आगो सबैले ताप्छन् । ऊर्जा सकिएपछि वरिपरि भएकाहरूले छाडेर जान्छन् । सरलता मानवीय सुन्दर गुण हो, तर यसलाई मानिसहरूले दुरुपयोग गरिदिन्छन् । जंगलमा पनि सुरुमा सोझो रुख नै काटिन्छ । वर्णमाला "ज्ञ" अन्त्य हुन्छ । म ज्ञानु हुँ । म चाहिँ अन्त्यबाट सुरु हुन्छु ।

आफ्नै जीवनलाई पछाडि फर्केर हेर्दा कहिले म आफूमा निभेको आगो पाउँछु । कहिले सोझो रुख पाउँछु । मानिसहरूले तपाईंको थर के हो भनेर सोध्छन् । म भन्छु – मलाई चिन्न ज्ञानु भन्ने नाम मात्रैले पुग्दैन र ? पिपल भनेपछि त्यसको थर भन्नु पर्छ ? गंगा भनेपछि उनको थर भन्नु पर्छ ? आकाशको के थर हुन्छ ? धर्तीको थर के हुन्छ ? नाम भन्नु त पहिचान रहेछ । ज्ञानुको "ज्ञ" मात्रै भइदिएको भए पनि तपाईंहरूले मलाई चिन्नु हुन्थ्यो । मान्छेले चिन्ने भनेको मान्छेलाई हो । उसको पौरखलाई हो ।

कुनै बेला म प्रिय थिएँ । जुन बेला बलेको थिएँ । कतार पुगेर काम गरेँ । विदेशको कमाई रहँदासम्म सबैको प्रिय नै भएँ । पैसा सकिँदै गयो, नजिक भएकाहरू टाढिए । खाडीको दुःख कसलाई भनौं ? जो त्यहाँ गएर काम गरेका हुन्छन् तिनले बुझ्छन् । त्यसरी कमाएको पैसा समेत ल्याएर परिवारमा बाँडे । छ वर्षको कमाईलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरेर अघि बढेको भए आज मेरो हातमा टेम्पोको स्टेरिङ हुँदैन थियो होला ।

हो, मैले गल्ति त गरेँ । कमाइ हुँदा बुद्धि पुगेको भए, अहिले यस्तो हुने थिएन । प्रत्येक मान्छेको जीवनमा एक पटक मौका आउँछ । त्यो मौकाको सदुपयोग गर्न सक्यो भने बाँकी जीवन सहज हुन्छ । मौकाको दुरुपयोग गर्दा त्यसको मूल्य जीवनभर चुकाउनु पर्छ ।

जीवनमा पढेको कुराले धेरै दिन्छ । तर परेर वा भोगेर पाएको ज्ञानले जीवन बदल्ने सूत्र सिकाउँछ । तर त्यो सूत्र प्रयोग गर्ने समय आफूसँग रहन्छ रहँदैन, त्यो बेग्लै कुरा हो ।




> प्रत्येक मान्छेको जीवनमा एक पटक मौका आउँछ । त्यो मौकाको सदुपयोग गर्न सक्यो भने बाँकी जीवन सहज हुन्छ । मौकाको दुरुपयोग गर्दा त्यसको मूल्य जीवनभर चुकाउनु पर्छ । जीवनमा पढेको कुराले धेरै दिन्छ । तर परेर वा भोगेर पाएको ज्ञानले जीवन बदल्ने सूत्र सिकाउँछ ।

कतारको मरुभूमिको के कुरा गर्नु ? त्यो मरुस्थल । मुस्किलले कुनै जीवन खेल्छ । त्यहाँ पनि पैसा र पौरख खन्याएर फूल फूलाएका छन् । मरस्थल उजाड हुन्छ । निरस हुन्छ । निर्जन हुन्छ । मरुस्थलको संगत गरेर मन पनि अलिकति त्यही मरुस्थल जस्तो भइ दिएको भए के नै बिग्रिन्थ्यो होला र ? नेपाली त हो । कमलो मन । चाँडै विश्वासमा पर्ने । बाँइन मन लाग्ने । कमाएको पैसा पनि यहि मनले सिध्यायो । अहिले पैसा त छैन तर स्टेरिङ छ ।

अहिले ४० पुगेँ । ट्रान्सम्यान हुँ । वीरेन्द्र नगरका सडकमा मेरो टेम्पो गुड्छ । कहिले यो चोक, कहिले अर्को चोक । यात्रीभन्दा टेम्पो बढी भएपछि यसले जीवन धान्न मुस्किल परेको छ । म जस्तै गरी टेम्पो चलाउने अरु धेरैको यो साझा समस्या हो । सात वर्षदेखि ट्याम्पो जिन्दगीले मर्न दिएको छैन । कुनै सपना पूरा गरेको पनि छैन ।

एक मनले भन्छ - यो टेम्पोसँगको नाता तोड्ने बेला भयो । अर्को मनले भन्छ - नाता पनि को कोसँग तोड्ने होला । जीवनमा धेरै मानिसहरु नजिक भए । फेरि टाढिए । आफन्त नै टाढा हुन्छन् भने बाँकी को नजिक हुन्छन र ? मान्छेसँगको नाता त दिगो रहँदैन । जाबो टिनको डब्बाको के कुरा गर्नु ।

बिहान एक पटक छ बजेपछि अर्को पटक छ नबज्दासम्म मेरो ट्याम्पो वीरेन्द्रनगरका सडकमा गुड्छ । मतलव, गुडि चाहिँ रहँदैन । सूर्य उदाएदेखि नअस्ताएसम्म म र मेरो ट्याम्पो सडकमै हुन्छौं । सूर्यको घुमाईमा मेरो कमाई जोडिन्छ । सूर्यदेव प्रकट भएपछि मेरो दिनचर्या सूरु हुन्छ । सूर्यअस्त भएपछि मेरो पनि काम विराम लाग्छ ।

सात वर्षदेखि यसै गरी अनवरत चलिरहेको छ । ट्याम्पो चल्दा जीवन चल्छ । जीवन चल्नु मात्रैले पनि जीवनको सार्थकता हुँदैन । अलिकति दौडियोस् भन्ने कामना सबैको हुन्छ । यो दौडिने प्रयासमा हामी सबै छौं । बाँकी पनि सबै छन् ।

> मानिसहरूले तपाईको थर के हो भनेर सोध्छन् । म भन्छु - मलाई चिन्न ज्ञानु भन्ने नाम मात्रैले पुग्दैन र ? पिपल भनेपछि त्यसको थर भन्नु पर्छ ? गंगा भनेपछि उनको थर भन्नु पर्छ ? आकाशको के थर हुन्छ ? धर्तीको थर के हुन्छ ? ज्ञानुको "ज्ञ" मात्रै भइदिएको भए पनि तपाईहरूले मलाई चिन्नु हुन्थ्यो । मान्छेले चिन्ने भनेको मान्छेलाई हो । उसको पौरखलाई हो ।

सडकमा गाडी, साइकल, मोटरसाइकल, ट्रक, बस सबै चलिरहेका छन् । तिनमा सवार मानिसहरु पनि आ-आफ्नो कामधन्दामै छन् । सबैको यौ दौड, यो हस्याङ फस्याङ आयसँग जोडिएको छ । पैसाकै लागि त मानिसहरु यति साह्रो मरिमेटेका छन् ।

एउटा अनौठो के छ भने, वीरेन्द्रनगरमा मैले ट्याम्पो चलाएको यतिका वर्ष भयो । तर, मेरो यौनिकताले काममा खास समस्या कहिले पनि पारेन । अरु धेरै साथीहरुले भोगको पीडा र समस्याबारे मैले थाहा पाएको छु, बुझेको छु, सुनेको छु । तर मेरो हकमा केही भिन्न छ । यस्तो किन भयो होला ? मैले कहिले काहीँ मनन गर्दा के पाउँछु भने म आफ्नो काम र मतलवमा ध्यान दिन्छु । बाँकी दुनियाँमा कसले के भन्छन् त्यो मेरो सरोकारमा पर्दैन ।

कसैले मलाई अपशब्द बोल्यो वा कसैले नराम्रो केही भन्यो भने पनि मैले त्यो कुरा स्वीकार नै गरिन, लिँदै लिइँन भने कसैले भनेर मलाई के हुन्छ ? सायद यस्तै केही भएर हो कि ।

मेरो पार्टनर लेस्बियन हुन् । उनी र मबीचको सहयात्रा केही वर्ष देखि अनवरत छ । वीरेन्द्रनगरको कमाईले खासै केही दिएन भन्ने छलफल पनि हुन्छ । तर अब कहाँ जाने त ? बसिआएको ठाउँ छाड्न अलि गाह्रो हुन्छ । तर "बसिरहे लेउ लाग्छ, हिँडे छेऊ लाग्छ" भन्ने त चलन नै छ ।

एकजना कुन चाहिँ विद्वानले हो भनेका थिए रे, "कुनै राज्यले आफ्ना नागरिकको सुरक्षा गर्न सक्दैन भने त्यो राज्य पनि छाडिदिनु पर्छ ।" अरु सुरक्षा भन्दा पनि अहिले त आर्थिक सुरक्षाकै कुरा प्रधान बनेर आएको छ । यो सहरले हामी दुईको आर्थिक सुरक्षा गर्न सक्दैन भने हामी किन बसौं यहाँ ?

यहाँबाट नेपालगञ्ज एक सय किलोमिटर टाढा छ । नेपालगञ्जबाट पनि अगाडि दक्षिणतिर गयो भने भारत पुगिन्छ । कतार नै पुगेर फर्केको मान्छेका लागि भारत आकर्षक गन्तव्य होइन । नेपालमै गर्ने भएपछि कतिपयले काठमाडौं तिर जाने कि भन्ने पनि योजना बनाउँछन् । तर हामी चाहिँ नेपालगञ्ज तिर जाने कि भन्ने सोच्दै छौं । मान्छे जतिसुकै शक्तिशाली होस् वा जतिसुकै कमजोर किन नहोस्, बाआमा बाँचुञ्जेल शक्तिशालीलाई पनि बाले केही भन्नु हुन्छ कि ? आमाको मन दु:ख्ला कि ? भन्ने मनमा पर्दो रहेछ । कमजोर छ भने उसलाई "बा आमा हुनुहुन्छ नी" भन्ने ढाडस हुँदो रहेछ । जब आफूलाई जन्म दिने बा आमा दुवैले सधैका लागि छाडेर जान्छन्, त्यो बेला एक्लो अनुभव हुन्छ । अब म मात्रै छु भन्ने हुँदो रहेछ । मान्छेको कठोर संघर्ष त्यही बिन्दुबाट सुरु हुन्छ ।

बा आमा हुँदासम्म एक खालको परिवेश थियो । उहाँहरु नरहेपछि अर्कै भयो । यहीं वीरेन्द्रनगरमा ऐलानी जग्गामा हाम्रो बसोबास थियो । बस्नका लागि ऐलानी नै भए पनि मैले मेरो भाग खोजे । दाजुभाईले त यो कुरामा खासै विमती राखेनन् । तर उनीहरूका श्रीमतीहरुसँग चाहिँ कचिंगल भयो । वैधानिक जमिन भएको भए मालपोत नापी धाउनु पर्थ्यो । औंठाछाप लगाएर अंश लिन गाह्रै पर्थ्यो । ऐलानी हुँदा बार लगाएर "यहाँदेखि मेरो" भन्दा पुग्यो ।

अहिले त्यही गरेको छु । आफ्नो भागको जमिनमा बसोबास गरिरहेका छौं ।

> मान्छे जतिसुकै शक्तिशाली होस् वा जतिसुकै कमजोर किन नहोस्, बाआमा बाँचुञ्जेल शक्तिशालीलाई पनि बाले केही भन्नु हुन्छ कि ? आमाको मन दु:ख्ला कि ? भन्ने मनमा पर्दो रहेछ । कमजोर छ भने उसलाई "बा आमा हुनुहुन्छ नी" भन्ने ढाडस हुँदो रहेछ । जब आफूलाई जन्म दिने बा आमा दुवैले सधैका लागि छाडेर जान्छन्, त्यो बेला एक्लो अनुभव हुन्छ । अब म मात्रै छु भन्ने हुँदो रहेछ । मान्छेको कठोर संघर्ष त्यही बिन्दुबाट सुरु हुन्छ ।

## मितिनी नेपालको परिचय

मितिनी नेपाल समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरूको सहयोगको लागि काम गरीरहेको एक गैर सरकारी संस्था हो । नेपालका यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरूको मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने तथा उनीहरूलाई सम्मानित जीवन जिउन सामाजिक, सांस्कृतिक, आर्थिक, कानूनी तथा राजनैतिक अधिकार सहितको समतामूलक समाज निर्माण गर्ने उद्देश्यले यो संस्था सन् २००५ मा स्थापना भएको हो ।

## कार्यनीति

आम सरोकारवाला निकायहरू बीच समन्वय, सहकार्य, सञ्जालीकरण तथा आपसी समझदारीका माध्यमबाट यौनिक तथा लैङ्गिक समुदायका मानिसहरूको राजनैतिक, कानूनी, सामाजिक, आर्थिक, स्वास्थ्य तथा शैक्षिक अधिकारमा उनीहरूको सहज पहुँचको लागि बहस पैरवी गर्ने ।

## लक्षित समूह

यौनिक तथा लैङ्गिक समुदाय भित्रका सबै समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरू ।

## कार्यक्रमहरू

### १. वहस तथा पैरवी

समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरूको समान हक अधिकारका लागि हामी न्यायकर्ता, सरकारी तथा अन्य सरोकारवाला निकाय, आम सञ्चार, नागरिक समाजका अगुवाहरूसँग अन्तर्क्रिया गर्छौ । हामी विभिन्न छलफल, गोष्ठी कार्यशाला, ऱ्याली, धर्ना, पत्रकार सम्मेलन आदि समेत गर्दछौं ।

### २. सामाजिक जागरण तथा सचेतना

हामी विभिन्न सांस्कृतिक कार्यक्रम, पोष्टर तथा पम्फलेट प्रकाशन, विद्यालय, कलेज जस्ता शैक्षिक संस्थाहरुमा अभिमुखीकरण आदिका माध्यमबाट यौनिक अभिमुखीकरण, लैङ्गिक पहिचान तथा अभिव्यक्ति लगायतका सवालहरुमा बहस तथा पैरवी गर्छौ । समुदायमा आधारित संस्थाहरू, व्यवस्थापिका संसद सदस्यहरू, सरकारी सरोकारवाला निकायहरू, सामुदायिक प्रहरी तथा पत्रकारहरूलाई समेत सामाजिक जागरण तथा सचेतनामूलक कार्यक्रमहरूको आयोजना गर्दछौ ।

### ३. सीप विकास

समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरूको लागि हामी सीप विकास तथा आय आर्जनसम्बन्धी तालिम प्रदान गर्दछौं । आभुषणका सामाग्रीहरूको निर्माण, सिलाई बुनाई, ड्राइभिङ, सौन्दर्यकला सम्बन्धी तालिम, कफी तयारी, च्याऊ खेती तथा मैनबत्ती उत्पादन जस्ता तालिमहरू हामीले चलाउँदै आइरहेका छौं ।

### ४. क्षमता विकास

हामी नेतृत्व विकास, मानव अधिकार, कानूनी सचेतना यौनिक तथा लैङ्गिक समुदायहरूलाई तालिम तथा अभिमुखीकरण जस्ता क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्छौं ।

### ५. मनोसामाजिक तथा कानूनी परामर्श सेवा

आवश्यक्ताका आधारमा हामी समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरू तथा तिनका परिवारका सदस्यहरूलाई मनोसामाजिक तथा कानूनी परामर्श सेवा प्रदान गर्दछौं ।

### ६. अध्ययन तथा अनुसन्धान

हामी समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरूको सवालमा उनीहरूका समस्या तथा अनुसन्धानमा रहेर खोज तथा अनुसन्धान गर्छौं ।

Mitini
NEPAL


रानीबारी सामाखुसी, कुमारी टोल
काठमाडौं नेपाल
पो.ब.नं. ८९७४, Cpc ३३१
वेभसाइटः www.mitininepal.org.np
ट्विटर : https://twitter.com/MitiniNepal
फेसबुक : www.facebook.com/Mitininepal
इन्स्टाग्राम : https://www.instagram.com/mitini_jewellery/